**बालविवाह सामाजिक र कानूनी अपराध हो ।**

- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन ०४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 16 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७०

# मुख्यमन्त्रीको स्वच्छता अभियान सङ्कटमा

प्रस, वीरगंज, ३ फागुन/

मधेस प्रदेश मुख्यमन्त्रीको कार्यालयले प्रदेशभरि ल्याएको मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत सञ्चालित कार्यक्रम अहिले सङ्कटमा परेको छ ।

विगतमा मुख्यमन्त्री कार्यालयले आफैं सञ्चालन तथा रेखदेख गर्दै आएको प्रदेशभरिका योजनाहरूमा अख्तियारले निगरानी बढाएपछि अहिले सबै योजना अलपत्र परेको छ । अख्तियारले सबै योजनाहरूको फाइल जफत गरी अनुसन्धान प्रक्रिया अगाडि बढाएपछि अहिले कुनै कार्यालयले ती योजना पूरा गर्ने जिम्मेवारी लिएको छैन ।

प्रदेशभरिको आठ जिल्लामा ३८ वटा योजना सञ्चालनमा छ । स्वच्छता अभियान अन्तर्गत सरकारी कार्यालय, बाटो, मठ, पोखरी होर्डिङ बोर्ड शौचालयलगायत निजी स्थलको सफाइ गरी प्रदेशभरि स्वच्छ बनाउनका लागि मधेस सरकारले विभिन्न किसिमको योजना ल्याएको थियो । पहिलो चरण प्रदेशभरिको पोखरीलाई हेर्नलायक बनाउन सौन्दर्यीकरण काम शुरू गरिएको थियो ।

सबै काममा अनियमिता भएको भन्दै अख्तियारले चासो देखाएपछि योजनाहरू अलपत्र पर्नुको साथै जिम्मा लिने कार्यालयहरू अहिले टाढिन थालेका छन् । मुख्यमन्त्रीले पछिल्लो समय सो काम गर्न, गराउन प्रादेशिक पूर्वाधार कार्यालयहरूमा सबै फाइल पठाएको भए पनि कर्मचारीहरूले जिम्मा लिन मानिरहेका छैनन् ।

प्राविधिक कर्मचारी स्रोत अनुसार सबै काममा अख्तियारले खोजीनीति गर्न थालेकोले त्यसको अहिलेसम्मको कार्य मूल्याङ्कन तथा भुक्तानी दिएको ठीक छ/छैन पुष्टि नभएसम्म ती योजनाको काम अगाडि नबढाउने बताए । अधिकांश पोखरीको काम पानीभित्र भएको र अहिले ती पोखरीमा पानी रहेकोले कसरी कार्य मूल्याङ्कन गर्न सकिने उनले बताए ।

पहिलेका मुख्यमन्त्रीको कार्यालयले प्राविधिक राखेर काम गराएको र भुक्तानी दिएको अवस्थामा अहिले हामीले काम अगाडि बढाए आफैं फस्ने कर्मचारीको भनाइ छ ।

कार्यालयले धनुषा-१ पोखरी, सुकदेव पोखरी महोत्तरी सुगा, धबौली यादवटोल, शहीदनगर-७ धनुषा पछवरिया पोखरी, नगवा पोखरी पर्सा, रामजानकी मन्दिर जनकपुर, चौरीदास पोखरी बरियारपट्टी सिराहा, मुर्ली पोखरी पर्सा, बघनटोली पोखरी सिराहा, इशरा पोखरी सिम्रौनगढ, छिपहरमाई पोखरी पर्सा, जनकपुर पोखरी, ब्रह्मस्थान पोखरी महोत्तरी, पुरनी पोखरी धनुषा, आनन्दनगर पोखरी जनकपुर, मलङ्वा पोखरी, गढीमाई पोखरी, विनाग्रा पोखरी, आठ जिल्लामा चर्पी निर्माण, छिन्नमस्ता पोखरी सप्तरी, लक्ष्मणवा पोखरी, निचुटा पोखरीलगायत ३८ स्थानको पोखरीमा सौन्दर्यीकरण भइरहेको देखिन्छ । लगभग ५० प्रतिशत काम सम्पन्न भइसकेको तथ्याङ्कले देखाएको छ ।



मुर्ली, नगवा र छिपहरमाई पोखरी सौन्दर्यीकरणको आधा-अधूरा काम । तस्वीरः प्रतीक

### पर्साको पोखरीको प्रगति

नगवा पोखरीको काम ५० प्रतिशत, मुर्ली पोखरीको काम ७५ प्रतिशत, इशरा पोखरीको ३०, छिपहरमाई पोखरी २५ प्रतिशत, लक्ष्मणवा पोखरी ७० प्रतिशत, निचुटा पोखरी ३० प्रतिशत, खेखरिया मठ ब्रह्मपुरा बाराको पोखरी २५ प्रतिशत, मुर्ली बगैंचा पोखरी शून्य प्रतिशत काम भएको र भुक्तानी सोही आधारमा दिएको प्रादेशिक प्राविधिक कार्यालय, वीरगंजले जनाएको छ । चालू आवको लागि नगवा पोखरीको लागि रु एक करोड, मुर्ली पोखरी, मुर्ली बगैंचा, निचुटा पोखरी, लक्ष्मणवा, छिपहरमाईको लागि ७५/७५ लाख, सिम्रौनगढ पोखरी एक करोड, खेखरिया पोखरी एक करोड रकम पठाएको देखिन्छ ।

निर्माण सेवाले काम बढी गरेको तर भुक्तानी थोरै पाएकोले अहिले सबै काम अलपत्र परेको बताएको छ । म्याद सकेको दुई वर्ष हुन लाग्यो र त्यसको म्याद अहिलेसम्म नथपिएको कर्मचारीले बताए । म्याद नथपेसम्म बाँकी बक्यौता भुक्तानी दिन नमिल्ने बताए । अन्तिमपटक म्याद थप्दा ठेकेदारले सो अवधिमा सम्पूर्ण काम गर्नुपर्ने हुन्छ तर मधेस सरकारसँग भुक्तानी दिने रकम नभएकोले अभियान नै सङ्कटमा परेको देखिन्छ ।

### अभियान सफल पार्न प्राविधिकको सुझाव

प्राविधिक कर्मचारीहरूले पोखरीको काम सम्पन्न गर्न, गराउन तथा झमेलामा नफस्न सुझाव दिँदै भनेका छन्– अहिलेसम्मको कार्यको मूल्याङ्कन गरी तत्काल भुक्तानी दिने तथा टेन्डर रद्द गरी कामको पूर्णताका लागि पुनः टेन्डर आह्वान गर्नुपर्छ । अथवा योजना अधूरो छोड्नु उचित देखिन्छ । वा, अख्तियारले मुद्दाको छिनोफानो गरे मात्र कर्मचारीले कार्य सम्पन्न गर्नेतर्फ तदारुकता देखाउने बताएका छन् ।

# अराजक गतिविधिको कारण अध्ययन प्रभावित

प्रस, वीरगंज ३ फागुन/

स्थानीय युवाको अराजक गतिविधिको कारण जगरनाथपुर गाउँपालिका-३ स्थित बाबा वैद्यनाथ आधारभूत विद्यालय गढैयामा बुधवार अध्ययन प्रभावित भएको छ ।

स्थानीय युवाले विद्यालयका बालबालिका तथा शिक्षक-कर्मचारीलाई दुर्व्यवहार गरेपछि अध्यापन प्रभावित भएको विद्यालय प्रशासनले जनाएको छ ।

मङ्गलवार बिहान १०:१० बजे विद्यालयको नियमित क्रियाकलाप अन्तर्गत प्रार्थना र पिटी खेलाउने समयमा स्थानीय युवाले पिटी खेल्न नदिएपछि विवाद भएको थियो । विवादपछि युवाहरूले कक्षाकोठामा बसेका विद्यार्थीहरूलाई बाहिर निकाल्ने, छात्राहरूको भिडियो बनाउनुको साथै किताब-कापी बाहिर फालेका विद्यार्थीहरूले बताएका छन् । युवाहरूले छात्राहरूमाथि हात हाल्ने, फलामको रड तेर्स्याउने र शिक्षक तथा विद्यार्थीहरूलाई अपशब्द प्रयोग गर्दै गालीगलौज गरेको एकजना विद्यार्थीले बताए ।

प्रधानाध्यापक बादशाह साहले विद्यार्थी, शिक्षक-कर्मचारीहरूको सुरक्षा व्यवस्था तथा न्यायका लागि वडा कार्यालय तथा जगरनाथपुर गाउँपालिकामा उजूरी दर्ता गरेका छन् । प्रअ साहले अराजक गतिविधि कार्यमा संलग्न सातजना युवक रहेको बताए ।

यसका साथै सो विद्यालयमा रहेका पाँचजना शिक्षकहरूको सरुवा माग गर्दै वडा कार्यालय र गापाको कार्यालयमा अर्को निवेदन दर्ता गरिएको प्रअ साहले बताए ।

बाल विकासदेखि कक्षा ६ सम्म अध्ययन हुने सो विद्यालयमा आज केही अभिभावकहरू आई विद्यालय प्रशासनसँग सल्लाह गरी दिउँसो २:३० बिदा दिइएको थियो ।



तस्वीरः प्रतीक

# भुक्तानी नपाएपछि सामाजिक विकास कार्यालयमा तालाबन्दी

प्रस, वीरगंज, ३ फागुन/

सामाजिक विकास एकाइ कार्यालय वीरगंजले समयमा भुक्तानी नदिएको भन्दै बुधवार ठेकेदारलगायतले कार्यालयमा तालाबन्दी गरिएको छ ।

सामाजिक विकास मन्त्रालय मधेस प्रदेश सरकारबाट गत आवमा सञ्चालित योजनाहरूको काम सम्पन्न भए पनि हालसम्म भुक्तानी नभएको भन्दै ठेकेदार, उपभोक्तालगायतले आज कार्यालयमा पुगी तालाबन्दी गरेका हुन् ।

वीरगंज कार्यालयबाट कार्य गरेको तर हालसम्म भुक्तानी नपाएको भन्दै उनीहरू कार्यालयमा पुगी नाराबाजी गर्नुका साथै तालाबन्दी गरेको रन्जीत पटेलले बताए । उनले गत आवको मात्र रु छ करोड भुक्तानी दिनुपर्ने बाँकी रहेको बताए । ४२ जनाले ऋण लिएर काम गरेको तर हालसम्म कार्यालयले भुक्तानी नदिएको भन्दै आन्दोलन गर्न बाध्य रहेको एकजना ठेकेदारले बताए । उनले भुक्तानी नपाए चालू आवको सबै काम रोक्ने चेतावनी दिए । उनले भुक्तानीको लागि भौतिक पूर्वाधार मन्त्रालय हुँदै अर्थ मन्त्रालयसम्म धाउँदा-धाउँदै थाकिसकेको बताए ।

सो मन्त्रालयबाट चालू आवको रु एक अर्बको ठेकेदार, उपभोक्ता लगायतलाई भुक्तानी दिनुपर्ने बताइन्छ । बेंगा साह मावि भवन निर्माण रु २५ लाख, सामुदायिक भवन निर्माण कलैया रु २० लाख, अधूरो पुस्तकालय निर्माण श्रीपुर रु २० लाख, बर्थिङ सेन्टर निर्माण प्रस्टोका रु २० लाख, जनता मावि भवन निर्माण रु २० लाख, बर्थिङ सेन्टर वीरगंज-२४ रु १५ लाख, शारदा मावि भवन निर्माण रु २० लाख, पिपरा विद्यालय भवन निर्माण रु २० लाख गरी सो बराबरको रकम भुक्तानी दिन बाँकी रहेको देखिन्छ ।

यस विषयमा कार्यालय प्रमुख डा सुजीत मिश्राले काम सम्पन्न भएको तर सो बेला आफू नरहेको र हालै सरुवा भएर आएकोले भुक्तानी हुन नसकेको र पटक-पटक सम्बन्धित मन्त्रालयमा गएपनि भुक्तानी सम्बन्धमा आधिकारिक जानकारी नआएपछि भुक्तानी हुन नसकेको बताए ।

पीडितहरूको माग जायज रहेको र फेरि भुक्तानीको पहल गर्ने आश्वासन दिएको उनको भनाइ थियो ।



तस्वीरः प्रतीक

# हरित अभियान अन्तर्गत ६६ हेक्टर वन क्षेत्रमा वृक्षारोपण

प्रस, जीतपुर, ३ फागुन/

डिभिजन वन कार्यालय बारा, सिमराका प्रमुख विनोद सिंहले मधेस प्रदेश मुख्यमन्त्री हरित अभियान अन्तर्गत अहिलेसम्म ६६ हेक्टर वन क्षेत्रमा वृक्षारोपण गरिएको बताएका छन् ।

उनले अभियान अन्तर्गत वन फडानी क्षेत्र, वन क्षेत्र अतिक्रमित क्षेत्रमा पहिलो चरणमा वृक्षारोपण थालनी गरिएको बताए । उनले अन्य क्षेत्रमा पनि वृक्षारोपण जारी रहेको बताए ।

प्रमुख सिंहले निजगढ-काठमाडौं द्रूतमार्ग निर्माणले यस अभियानलाई थप ऊर्जा दिइरहेको बताए । प्रमुख सिंहले द्रूतमार्गभित्र पर्ने रूख हटाउँदा एउटा रूखको सट्टा २५ वटा वृक्ष रोप्नुपर्ने व्यवस्था रहेको बताए । यो काम नेपाली सेनाले गरिरहेको प्रमुख सिंहको भनाइ छ ।

सशस्त्र वन रक्षक जमदार नागेन्द्र बैठाले वन्यजन्तुको हितको लागि वृक्षारोपण भइरहेको बताए । उनले द्रूतमार्गको छेउछाउ वृक्षारोपण कार्य भइरहेको बताएका छन् ।




तस्वीरः प्रतीक

प्रमुख विनोद सिंह

**विचारसार एवं सूक्तिहरू**

**तीव्र र प्रबल इच्छा त्यो अभिप्रेरक शक्ति हो, जसले मानिसलाई जस्तोसुकै लक्ष्य प्राप्त गर्न र जस्तै अवरोधको सामना गर्न सबल बनाउँछ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# चरैवेति

**आफ्नो लक्ष्यमा हिंड्दै जानु, कसैको सहयोग वा असहयोगको चिन्ता नराखेर गन्तव्य प्राप्तिमा दत्तचित्त रहनु नै चरैवेति हो। यसैलाई विश्व साहित्यकार रवीन्द्रनाथ टैगोरले 'एकला चलो रे' भनेका छन्। यदि कसैले तिम्रो साथ दिन्छ वा दिंदैन, तिमी एक्लै भएपनि हिंडिरहू। अहिले प्रायः वीरगंजका मेयरबाट आफूले कसैको साथ नपाएको गुनासो गरिरहेको सुनिन्छ। मेयर भएपछिको प्रारम्भिक चरणमा वीरगंजका लागि केही गरौं, नगरवासीको मनमा आफ्नो राम्रो छवि परोस् भन्ने चाहना उनका बोली, अभिभाषणहरूबाट झल्किन्छ। यो एकदम स्वाभाविक हो। उनले काम पनि गरिरहेका छन्। नयाँ वर्षको उपलक्ष्यमा नगरवासीलाई गतिलो उपहार दिने अभिलाषा पनि उनमा देखिएको छ। त्यसैले चिल्ड्रेन पार्कको स्तरीकरण, पशुपतिनाथ मन्दिर, शङ्कराचार्य द्वार, बस टर्मिनल, तेजबहादुर अमात्यको सालिकलगायत पूर्वनिर्मित संरचनाहरूको सौन्दर्यीकरणमा लागिपरेका त छन् नै, कन्फरेन्स हल निर्माण, ज्येष्ठ नागरिक पार्क निर्माणमा पनि अभिरुचि देखाएको मात्र होइन, भारतीय दूतावाससँग लगानीको अनुरोध गरेर गुरुयोजना बनाई प्रस्तावसमेत दिसकेका छन्। यी असल कामको प्रारम्भिक बिन्दु हुन्।**

**योजना बनाउनुमात्र पुरुषार्थ होइन, त्यसलाई पूर्णतासम्म पुऱ्याउनु असल पुरुषार्थ हो। यी कामहरू गर्दा बाधा–अवरोध नआउने होइन। हाम्रो समाजको गति नकारात्मक छ। जो विरोधमा छन्, उनीहरू त कस्तै काम गर्दा पनि विरोध गर्छन् नै, जो विरोधी छैनन्, उनीहरू पनि हतपत सामुन्ने आउँदैनन् किनकि समाजमा प्रतिबद्धता गर्ने, पूरा नगर्ने जन मनोविज्ञान स्थापित छ। त्यसलाई तोड्न सक्नुपर्छ। त्यसका लागि एक्लै भए पनि, कसैले साथ नदिंदा पनि, सबैले विरोध गर्दा पनि गन्तव्य पूरा गर्न हरेश खानुहुँदैन। जब निकै दुःख गरेर कुनै एउटा काम फत्ते हुन्छ, समर्थक पक्ष आँटिलो बन्छ, विरोधी पक्ष लत्रिन्छ। एकपछि अर्को काम सम्पन्न हुँदै गएपछि विरोध सेलाउँछ, किनकि विरोध गर्ने जनमानसबाट बहिष्कृत हुन थाल्छ। जनप्रतिनिधिले आफूलाई सेनाध्यक्ष होइन, हतियार ठान्ने मानसिकता विकसित गर्नुपर्छ। सैनिकले असल फलामबाट बनेको हतियार मन पराउँछ। एउटा जनप्रतिनिधिले असल हतियार साबित हुन ठोस र नदोब्रिने गुण हासिल गर्नुपर्छ। सैनिक भनेको जनता हो, सैनिकले चाहे अनुसार हतियार खरो छ भने सैनिकले कदापि साथ छोड्दैन। तर जनतालाई हतियार ठान्न थालियो भने गलत पाइला हुन जान्छ। यस कसीमा वीरगंजवासीलाई नयाँ वर्षमा दिने उपहार सम्पूर्णताको पहिलो चरण हुनेछ।**

**नगरवासीले चाहेको एउटा असल व्यवस्था हो। महानगरपालिकाले नागरिकलाई सुविधापूर्ण सेवा देओस्, जसको आरम्भ राम्रै देखिएको छ। अब नगरपालिका गएर कुनै सेवाग्राहीले धेरै धाउनुपर्ने, कर तिर्दा, नक्शा पास गराउँदा सास्ती खेप्नुपर्ने अवस्था नदेखिएको सुनिन्छ। यसले निरन्तरता पाओस्। सरसफाइको अवस्था पनि अपेक्षाकृत राम्रै देखिएको छ। खासगरी वीरगंजमा निर्मित अवैध संरचनाहरूको सवालमा [redacted] अहिले सबैको चासोको विषय [redacted] अवैध कब्जामा महानगरपालिकाले [redacted] असल काम हुन्, तर तबसम्म [redacted] पूर्णता वा अपूर्णता प्राप्त [redacted] बदनामी हुन्छ र पूर्ण भयो भने [redacted] सुनाम प्राप्त हुन्छ।**

# मिटरब्याजीमाथि कारबाईको सामाजिक असर

सबै कुराको सकारात्मक र नकारात्मक गरी दुई किसिमको प्रभाव देखिएको हुन्छ। प्रभाव नै नदेखिएको विषयमा पनि तर्क त गरिन्छ नै।

अहिले मिटर–ब्याजको विषयमा समाजमा खुब चर्चा छ। एकातिर बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणलाई खोजेजति रकम लगानी गरिरहेको अवस्था छैन भने अर्कोतिर गाउँघरमा पनि साहु–महाजनबाट सर्वसाधारणले आवश्यक रकम पाइरहेका छैनन्। यसै समयमा नेपाल सरकारले चालू आर्थिक वर्षको बजेटमा आय र व्ययको अनुमानमा कटौती गरेको छ। सबैतिरबाट देशको अर्थतन्त्र पहिलेको जस्तो नभएको र विगत केही वर्षमा सबैभन्दा कम प्रतिशतमा राजस्व उठेको समाचार पनि प्रकाशित प्रसारित भएको छ।

गएको कात्तिकदेखि यसपटक अहिलेसम्म पानी परेको छैन। हुनत अहिलेसम्म हिउँदे बाली राम्रै देखिएको छ तर अहिलेसम्म पानी नपर्दा हिउँदे बालीबाट जति प्रतिफल किसानले पाउनुपर्ने थियो, त्यति पाउने आशा क्षीण हुन थालेको छ। पुसदेखि माघको बीचमा एक झरी पानी परिदिएको भए हिउँदे बालीको उत्पादनमा कम्तीमा पचीस प्रतिशतले वृद्धि हुने सर्वसाधारणको अनुमान थियो। हिउँदे बालीको यो विशेषता हुन्छ कि सबै ठाउँमा सिंचाइ सम्भव हुँदैन। वर्षात्को भरमा यो बाली हुन्छ। अहिलेसम्म पानी नपर्दा उत्पादन कम हुने किसानहरूको पीडाले आगामी दिनमा पनि हिउँदे बालीबाट अपेक्षित आय नहुने करीब निश्चित भइसकेको छ। सर्वसाधारण किसानको हातमा जति नगद आउनुपर्थ्यो, त्यति नआउने निश्चित हुँदा ग्रामीण अर्थतन्त्रमा जति सकारात्मक असर पर्नुपर्ने थियो त्यति नपर्ला। यद्यपि हिउँदे बाली विगतका वर्षहरूभन्दा यसपटक राम्रो देखिएको थियो।

ग्रामीण समुदायमा फजुल खर्च तुलनात्मकरूपमा निकै कम हुन्छ। फजुल खर्च कटौती गर्ने आधार पनि कम हुन्छ। एकजना किसान भन्दै थिए – छोरोको परीक्षाको समय आउँदैछ। फागुनमा फर्म भर्नुपर्दा धान बेचेरै रकमको जोहो गर्ने हो। त्यसमाथि छोरीको बिहेको लागि यताउति गइरहेको छु। उचित घर र वर पाइए यसै वर्ष छोरीको बिहे पनि गर्नुछ। यसको लागि खेत नबेची हुँदैन, तर दुर्भाग्य खेत बेच्न कैयौंलाई भनिसकें, खरीद गर्न कोही तयार छैन। सबैले पैसाकै समस्या बताइरहेका छन्। जबकि दुई वर्ष पहिलेसम्म गाउँमा विपरीत अवस्था थियो। कोही खेत बेच्दैछ भन्ने सुन्दा उनीकहाँ धाउनेहरू धेरै हुन्थे। पहिले खेत बेच्दा प्रतिस्पर्धामा किन्नेहरू आउँथे

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**मिटरब्याजीहरू अन्यायी हुन् भनेर जब समाजमा पर्न गयो र ऋण लिनेहरूले विभिन्न निकायमा सोधीखोजी गर्न थाले तब गाउँ समाजमा मध्यम वर्गले आफू दुःखजिलो गरी जोहो गरेको अलिकति रकम कसैलाई ऋण वा सापटी दिन डराउन थालेका छन्।**

भने अहिले कोही खेत किन्दैछ भन्ने कुरा गाउँमा फैलियो भने उनीकहाँ बेच्नेहरू धाउन थालेका छन्। अरूभन्दा दुई चार हजार सस्तोमा म आफ्नो फलानो ठाउँको खेत दिन्छु भन्न थालेका छन्। यसरी गाउँमा रकम अभावको कारण कतिपय महत्त्वपूर्ण काममा पनि समस्या भएको किसानहरूको अनुभव रहेको छ।

पहिले गाउँघरमा साहुहरूले निकै लगानी गर्दथे तर आजभोलि साहुहरूले पनि लगानी गर्न छाडेका छन्। साहुहरूले पनि आफूसित पैसा नभएको भन्न थालेका छन्। आखिर पैसा कहाँ गयो त ? पैसा कहाँ गयो यो प्रश्नले सर्वसाधारणको मथिङ्गल रिङाउन थालेको छ भने पैसा हुनेहरूले पैसा लगानी गर्न नचाहेको देखिएको छ। पैसा हुँदाहुँदै र पैसा लिने मानिस हुँदाहुँदै पनि लगानी नहुँदा एकातिर पैसावालले ब्याज पाउन सकिरहेका छैनन् भने अर्कोतिर कसैलाई गर्जो टार्न मुश्किल परिरहेको छ। यसरी सर्वसाधारणले चाहेको बेला र आवश्यकतानुसार गाउँघरमा सहजै रकम पाउन नसक्नुमा देशमा मिटरब्याजीमाथि गरिएको कारबाई तथा मिटरब्याजीलाई कारबाई गर्नुपर्छ भन्ने आन्दोलन तथा हल्लाले धेरै हदसम्म काम गरेको बुझाइ रहेको छ।

आफूसित पैसा हुँदैमा कसैलाई दिनुपर्छ भन्ने होइन। कतिपयले प्रश्न पनि गर्न थालेका छन् – कुनै पनि व्यक्ति वा साहु कुनै पनि विपन्नलाई ब्याजको लागि लगानी गर्ने निकाय होइन। कुनै व्यक्ति वा फर्मलाई लगानी गर्नुपर्छ भने यसको लागि बैंक तथा वित्तीय संस्थाहरू छन्। व्यक्तिले लगानी गर्दा जोखिम हुन्छ। व्यक्तिलाई शोषणको आरोप लाग्नु स्वाभाविक हो। सरकार तथा समुदायले नै बैंक तथा वित्तीय संस्थालाई यसरी सक्षम बनाउनुपर्छ र ऋण लिन चाहने मानिस पनि यति सक्षम हुनुपर्छ कि चाहिएको बेला ऋण लेनदेन गर्न सकियोस्। यसमा कुनै एक पक्षले मात्र ध्यान दिएर हुँदैन। ऋण लिने र ऋण दिने दुवै पक्ष सक्षम हुँदा अर्थतन्त्रमा निरन्तर सकारात्मक असर परिरहेको हुन्छ।

सिद्धान्त एकातिर छ र व्यवहार अर्कोतिर। सिद्धान्तले मात्र व्यवहार चल्दैन। सिद्धान्त र व्यवहारको मिलन हुनु जरूरी छ। आवश्यकताले फेरि सिद्धान्त हेर्दैन। सर्वसाधारणलाई आवश्यकता परिरहेको समयमा रकम नपाइरहेको वर्तमान यथार्थ हो। यस यथार्थले समाजमा केही असहज स्थिति सिर्जना गरेको छ। ऋण तथा सापट दिएर समाजमा व्यवहार चलाइदिने क्षमता भएका केही हित तथा मित्र वा साहुहरू पनि ऋण वा सापटी दिन हच्किरहेका छन्। यसरी असजिलो मान्नुको पछाडिको कारण मिटर ब्याजीको आरोप लाग्ला भन्ने हो। कोही पनि आफ्नो पैसा दिएर अनावश्यक बदनामी मोल्न चाहिरहेको छैन। यसैले ग्रामीण समाजमा पनि अर्थतन्त्रको प्रवाहमा कमी आएको छ। आर्थिक गतिविधिमा केही सुस्तता आएको छ।

पैसा लिनेले पनि लिने बेला सजिलो गरी लिन्छन्। लिने बेला कोही सोच्दैन। तर जब तिर्ने बेला हुन्छ, अप्ठ्यारो महसूस हुन थाल्छ। अहिले त कतिपय अवस्थामा यस्तो पनि देखिएको छ कि घरखेत बन्धकी राखेर पनि ऋण पाइरहेको छैन। आफ्नो पैसा देऊ अनि अदालतमा आफ्नो बचाउको लागि धाऊ। यस आशङ्का वा डरले कसैले दिन खोजिरहेको छैन। पहिले तमसुकमा पूरा विश्वास थियो तर अहिले तमसुक गराउन ऋण दिने धनी नै डराइरहेका छन्। ऋण दिने मानिस धेरै सचेत भइरहेका छन्। ऋण लिने मानिसले दाउ गर्न थालेपछि र ऋण दिने मानिस बढी हैरान हुन थालेपछि बढी सचेत हुन थालेका हुन्। आफ्नै पैसा कसैलाई ऋण वा सापटी दिनैपर्छ भन्ने कानूनी बाध्यता हुँदैन, तर दिइसकेपछि चाहिएको बेला त्यो रकम पाइन्छ भन्ने कुनै ग्यारेन्टी हुँदैन। दिने बेला पैसा चुपचाप जान्छ, फर्किने बेला होहल्ला वा बेइज्जत गर्दै फर्किन सक्छ भन्ने डर छ।

जमीन किनबेच गरेर जस्तोपनि ऋण लेनदेन गर्ने चलन थियो, ग्रामीण समाजमा; तर यो चलन पनि हराउन थालेको छ। अर्थात् विश्वसनीयता हराउन थालेको छ। जसले ऋण लियो उसले आफ्नो घर वा जग्गा बेचेझैं गरी साहुको नाउँमा पास गरिदिने चलन थियो। पैसा चुक्ता गरेपछि उसले फिर्ता पाउँथ्यो तर सम्भवतः दुवैतिरबाट बेइमानी हुन थालेपछि यो चलन पनि हराउन थालेको छ। अब जमीन पास गरिदिएर पनि पैसा सुरक्षित हुँदैन भन्ने पर्न गएको छ। जमीन पास गरिदिएपछि जसको नाममा पास भएको छ, उसले ऋण चुक्ता गर्न खोज्दा पनि जमीन वा घर फिर्ता दिन नमानेको तथा जमीन पास गरिदिएर पनि बलजफ्ती पास गरायो भन्दै विभिन्न निकायमा उजूरी गर्न थालेपछि यस प्रकृतिको लेनदेनमा विश्वसनीयता कम हुँदै गएको हो।

कतिपयले आवश्यकता परेकालाई पैसा दिने र पछि अन्याय गर्न थाल्छन्। पैसा फिर्ता पाइसकेपछि पनि तमसुक नफर्काउने, अत्यधिक चर्को चक्रीय ब्याज असुल्ने, उठीवास नै लगाइदिनेहरू पनि नभएका होइनन्। फेरि ब्याजको लोभमा अरूलाई पैसा दिएर आफू अप्ठ्यारोमा परेको पनि कैयौं उदाहरण भेटिन्छ। मिटरब्याजीहरू अन्यायी हुन् भनेर जब समाजमा पर्न गयो र जब मिटर ब्याजीलाई भनी ऋण लिनेहरूले विभिन्न निकायमा सोधीखोजी गर्न थाले तब गाउँ समाजमा मध्यम वर्गले आफू दुःखजिलो गरी जोहो गरेको अलिकति रकम कसैलाई ऋण वा सापटी दिन डराउन थालेका छन्। कसैलाई आपत् पर्दा पनि कसकहाँ जाउँ र एक वचनभन्दा अलिकति सापट पाइएला भन्ने आधार पनि भत्किन थालेको छ। हो, साँच्चीकै अन्याय गर्ने मिटरब्याजीको कारणले गर्दा अब काम पर्दा, घरमा पैसा भएर पनि दिन नमान्नेहरूको सङ्ख्या र प्रवृत्ति बढिरहेको छ। मिटरब्याजीलाई छोड्नैपर्छ भन्ने होइन तर यसले समाजमा नकारात्मक प्रभाव पनि पार्न पुगेको भने यथार्थ हो।

# श्रीसिया नदी प्रदूषण गर्ने उद्योगहरूलाई कारबाई गर्ने निर्णय


प्रस, वीरगंज, ३ फागुन/

वीरगंज महानगरपालिकाको श्रीसिया नदी प्रदूषण नियन्त्रण समितिले नदी प्रदूषण गर्ने उद्योगहरूलाई कारबाई गर्ने निर्णय गरेको छ।

नगरप्रमुख राजेशमान सिंहको अध्यक्षतामा बुधवार बसेको बैठकले पानी प्रशोधन नगरेर श्रीसिया नदीमा फाल्ने उद्योगहरूलाई कारबाई गर्ने निर्णय गरेको हो।

समितिले यसअघि पटकपटक अनुगमन गरेको र एकदुई वटा उद्योगबाहेक अधिकांश उद्योगले पानी प्रशोधन बिनानै नदीमा फोहर पानी फाल्दै आएकोमा चेतावनी पश्चात् पनि सुधार नगरेपछि कारबाईको निर्णय अगाडि बढाएको महानगरपालिकाले बताएको छ।

समितिको प्रतिवेदनको आधारमा



तस्वीरः प्रतीक

वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण गर्न बनेको ऐन अनुसार जरिवाना गर्ने नगरप्रमुख राजेशमान सिंहले बताए।

जरिवाना पश्चात् सुधार नगर्ने उद्योगहरूलाई कालो सूचीमा राख्ने निर्णय गरी सङ्घीय सरकारमा पठाउने निर्णय गरेको महानगरपालिकाले बताए।

जीतपुर सिमरा उपमहानगरपालिकाको मुहान रहेको श्रीसिया नदी परवानीपुर गाउँपालिका भएर वीरगंज महानगरपालिका हुँदै भारतसम्म पुग्ने गरेको छ।

आजको बैठकमा उपप्रमुख इम्तियाज आलम, पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, वीरगंज उद्योग वाणिज्य सङ्घका प्रमुख प्रशासकीय अधिकृत मनोज उपाध्याय, पर्साका प्रहरी उपरीक्षक कोमल शाह, वीरगंज महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्ण, परवानीपुर गापा अध्यक्ष रामक्षत्री कुर्मीलगायतको उपस्थिति थियो।

# तीन महिने सिलाइकटाइ तालीमको उद्घाटन

प्रस, बिरुवागुठी, ३ फागुन/

पर्सागढी नगरपालिकाको सहयोग र लघु व्यवसायी परामर्श केन्द्र रौतहटको आयोजनामा महिलाहरूका लागि तीन महीने सिलाइकटाइ तालीमको बुधवार उद्घाटन भएको छ।

कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख गोकर्ण पाठकले सीपको माध्यमबाट बेरोजगार समस्या समाधान गर्न सकिने र सिकेको सीप व्यवहारमा ल्याउन जोड दिए।

कार्यक्रममा पर्सागढीका उपप्रमुख पूजा चौधरी, कार्यपालिका सदस्य सीता लामा, वडा सदस्य रामजीवन खाँ थारू, शर्बत महतोलगायतको उपस्थिति थियो।

वीरेन्द्रकुमार चौधरी र ममता यादवले तालीममा सहभागी २० जना महिलालाई प्रशिक्षण दिनेछन्।

तस्वीरः प्रतीक



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# अमेरिकाबाट आएर कामरनाथु बने वृन्दावनका भण्डारी

प्रस, गरुडा, ३ फागुन/

रौतहट र बारामा मात्र मनाइने


तस्वीरः प्रतीक

मधानी यज्ञ अहिले कामरनाथुहरूले ठाउँठाउँमा गरिरहेका छन्।

भाकल हुनेले शिवको विशेष लोक अनुष्ठानको रूपमा रहेको मधानी यज्ञ कामरनाथुहरूबाट गराउने गर्दछन्। महाशिवरात्रिको दिन समापन हुने मधानी मान्न अमेरिकाबाट आइपुगेका छन् वृन्दावनका मोहन भण्डारी। वृन्दावन नगरपालिका २ धनगढीका भण्डारी आफैं जमदार हुन्।

बोलबम कामरनाथुको ठूलो समूह जसलाई गफला भनिन्छ। गफलाको सर्वोच्च पद नै जमदार हो।

आफ्नो गफलाले कहाँ र कति ठाउँमा कहिले कसको नेतृत्वमा मधानी गर्छ भन्ने निर्धारण जमदारले नै गर्ने गर्दछन्। छोरा अमेरिकामा रहेकाले अमेरिका र काठमाडौंमा नै मुख्यगरी समय बिताउने गरेका भण्डारी धर्मकर्ममा औधी रमाउँछन्।

काठमाडौंमा नै भण्डारीले भजन कीर्तन गर्ने समूह बनाइसकेका छन्। अमेरिकाबाट मधानी गराउन र महाशिवरात्रिमा शिवको विशेष पूजा गर्न भण्डारी आएपछि रौतहटमा अहिले चर्चाको विषय भएको छ। गफलाका खजान्ती हरिवंश राउत, कचहरिया हरिनारायण रौनियार, मनसिप दीनदयाल राउत, विचारी जयराम राउत, सिपाही लालबहादुर राउत तथा मुखिया सिकिन्दर राउतसँगै जमदार भण्डारी शिवको चाकरीमा निस्केका छन्। स्थानीय बैजु पटेलले भण्डारीको आस्था देखेर वृन्दावनका स्थानीयवासी अचम्भित भएको बताएका छन्।

विश्रामपुरमा भइरहेको मधानी सकिएर शिवनगरतर्फ गफला प्रस्थान गर्ने पटेलले जानकारी गराएका छन्।

# हात्तीपाइले रोगविरुद्ध छलफल

प्रस, सिम्रौनगढ, ३ फागुन/

सिम्रौनगढमा हात्तीपाइले रोगविरुद्ध औषधि सेवन अभियान–२०७९ सम्बन्धी स्थानीय तहस्तरीय तथा बहुनिकाय गोष्ठी सम्पन्न भएको छ।

सिम्रौनगढ नगरपालिकाको सभाकक्षमा भएको गोष्ठीमा हात्तीपाइले रोग कसरी लाग्छ, फैलिन्छ तथा यसबाट बच्न औषधि कसरी सेवन गर्नेबारे छलफल भएको थियो।

नगरप्रमुख किशोरीप्रसाद कलवारको अध्यक्षतामा भएको गोष्ठीको सहजीकरण डा जितेन्द्र यादव, तेजनारायण सिंह, सञ्जीव अधिकारीले गरेका थिए भने सञ्चालन सिम्रौनगढ नपा स्वास्थ्य संयोजक विजय ठाकुरले गरेका थिए।


तस्वीरः प्रतीक

कार्यक्रममा उपप्रमुख नजमुशेहर, प्रमुख प्रशासकीय अधिकृत दिनेशकुमार न्यौपाने, वडाध्यक्षहरूलगायतको सहभागिता थियो।

# चितवन–२ मा चैत २० गते उम्मेदवारी दर्ता

चितवन, ३ फागुन/रासस

चितवन क्षेत्र नं २ मा आगामी वैशाख १० मा हुने उपनिर्वाचनका लागि चैत २० गते मनोनयन कार्यतालिका सार्वजनिक गरिएको छ।

निर्वाचन आयोगले सार्वजनिक गरेको कार्यतालिका अनुसार चैत २१ मा उम्मेदवारीविरुद्ध उजुरी, २२ मा मनोनयनपत्र दाखिला र उजुरीउपर जाँचबुझ गरी निर्णय दिने तथा उम्मेदवारको नामावली प्रकाशन गरिने भएको छ।

यस्तै २३ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्ने कार्यक्रम रहेको निर्वाचन आयोगले जनाएको छ। आयोगले निर्वाचन तालिका अगावै मतदाता नामावली अद्यावधिक गर्न निर्वाचन कार्यालयलाई परिपत्रसमेत गरेको कार्यालयका सूचना अधिकारी अमबहादुर पुर्जाले जानकारी दिए।

अहिले कार्यालयले नामावली अद्यावधिक गर्ने काम गरिरहेको छ। फागुन १ देखि चैत १६ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने छ।

गत मङ्सिर ४ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यस क्षेत्रबाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नागरिकता सर्वोच्च अदालतले खारेज गरेसँगै उनको सांसद पद पनि खारेज भएको थियो।

रिक्त पद उपनिर्वाचनबाट पूर्ति गर्नुपर्ने कानूनी व्यवस्था भएकोले आयोगले उपनिर्वाचनका लागि तयारी गरेको हो। मङ्सिर ४ मा भएको निर्वाचनमा एक लाख २५ हजार एक सय ६५ मतदातामध्ये ८२ हजार नौ सय ३४ मत खसेको उनले जानकारी दिए। सूचना अधिकारी पुर्जाका अनुसार माघ ३ देखि २९ सम्म जिल्लामा पाँच सय ९७ जनाले मतदाता नामावलीमा दर्ता गराएका छन्।

जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयमा उनीहरूले नामावली दर्ता गराएका हुन्। आयोगले उपनिर्वाचनको मिति तय गरेसँगै जिल्लामा मतदाता नामावली सङ्कलन काम रोकिएको छ।


**"कन्भेयर बेल्ट" सञ्चालन**: नेपालगञ्ज विमानस्थलको आगमन कक्षमा अत्याधुनिक 'ब्यागेज हैन्डलिङ सिस्टम' अन्तर्गत सञ्चालनमा ल्याएका 'कन्भेयर बेल्ट' प्रणाली। तस्वीर : रासस

# अब विद्यालयमै आँखा परीक्षण

काठमाडौं, ३ फागुन/रासस

सरकारले विद्यालय तहमा नै विद्यार्थीको आँखा परीक्षण गर्ने भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको राष्ट्रिय आँखा स्वास्थ्य रणनीति (२०७९–२०८६) मा विद्यालयमा रहेका विद्यार्थीको हरेक वर्ष आँखा परीक्षण गरिने भएको हो। मन्त्रालयले आँखा स्वास्थ्य सेवालाई मूल स्वास्थ्य सेवासँग एकीकृत गर्दै सेवाको पहुँच समुदायस्तरमा पुऱ्याउन र आँखा सेवालाई थप गुणस्तरीय बनाउने रणनीति ल्याएको हो।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले रणनीति स्वीकृत गरी लागू गरिएको जानकारी दिए।

आँखा स्वास्थ्य सेवालाई विद्यालय स्वास्थ्य कार्यक्रममा समावेश गरी विद्यालयमा हरेक वर्ष दृष्टि परीक्षणको गरिने रणनीतिमा उल्लेख गरिएको छ।

यस्तै रणनीतिमा न्यूनदृष्टि र दृष्टिविहीन व्यक्ति लक्षित जीवन सहयोगी कार्यक्रम सञ्चालन, ज्येष्ठ नागरिकको नियमित आँखा स्वास्थ्य परीक्षण गरी आवश्यक उपचारको व्यवस्था मिलाउने पनि उल्लेख गरिएको छ।

यसैगरी स्थानीय तहका स्वास्थ्य शाखामा आँखाको हेरचाह, नियमित परीक्षण तथा उपचार, आँखा दान लगायत विषयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेसमेत रणनीतिमा उल्लेख गरिएको छ।

सरकारले स्थानीय तहका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई प्राथमिक आँखा सेवासम्बन्धी तालीम उपलब्ध गराई सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गर्नेसमेत उल्लेख गरिएको छ।

यस्तै आधारभूत अस्पतालमा नेत्र सहायक दरबन्दी सिर्जना गरी क्रमशः सेवा प्रवाह गरिने उल्लेख छ। २५ देखि ५० शय्यासम्मका जनरल अस्पतालमा अप्टोमेट्रिस्टको दरबन्दी सिर्जना गरी दृष्टि दोष, न्यूनदृष्टि, आँखा सहायक सामग्री लगायत सेवा प्रवाह गरिने रणनीतिमा उल्लेख गरिएको छ।

सय शय्या र सोभन्दा माथिका अस्पतालमा विशेषज्ञ र विशिष्टीकृत सेवाका लागि आवश्यक दरबन्दी सिर्जना गरी सेवा प्रवाह गरिने व्यवस्था मिलाइने रणनीतिमा भनिएको छ।

रणनीतिमा मन्त्रालय अन्तर्गत उच्चस्तरीय आँखा स्वास्थ्य समिति गठन गरी नीति, योजना तथा अनुगमन महाशाखालाई राष्ट्रिय सम्पर्क विन्दु तोकिने उल्लेख गरिएको छ।

रणनीतिमा आँखा स्वास्थ्य सेवामा सरकारको लगानी क्रमशः वृद्धि गरिने र विशिष्टीकृत र विशेषज्ञ आँखा सेवालाई स्वास्थ्य बीमामार्फत सेवा प्रदान गरिने बताइएको छ।

# तलब नपाएपछि विद्यालय बन्द गरी शिक्षक आन्दोलनमा

मलङ्गवा, ३ फागुन/रासस

लामो समयदेखि तलब नपाएपछि कविलासी नगरपालिका अन्तर्गत पर्ने विद्यालयका शिक्षक विद्यालय बन्द गरी आन्दोलनमा उत्रेका छन्।

नगरपालिकाले छ महीनादेखि शिक्षकलाई तलब नदिएपछि शिक्षक विद्यालय बन्द गरी आन्दोलनमा उत्रेका हुन्। शिक्षकहरूको आन्दोलनका कारण नगरपालिकाका सबै विद्यालयमा आज पढाइ अवरुद्ध भएको छ। तलब नपाएसम्म आजदेखि अनिश्चितकालसम्म विद्यालय बन्द गर्ने निर्णय गरिएको शिक्षक महासङ्घका नगर सहअध्यक्ष राजेशकुमार यादवले बताए।

मङ्गलवार पनि नगरभरिका शिक्षक विद्यालय बन्द गरी नगरपालिकाको कार्यालय अगाडि धर्ना बसेका थिए। साथै तलब पाउनुपर्ने माग राख्दै नगरपालिकामा ज्ञापनपत्रसमेत बुझाइएको थियो। नगरपालिकामा ३२ सामुदायिक विद्यालय रहेका छन्। त्यसमध्ये सात मावि र बाँकी आधारभूत विद्यालय छन्। ती विद्यालयमा हाल दुई सय ३० शिक्षक, सात विद्यालय कर्मचारी र ३० कार्यालय सहयोगी कार्यरत छन्।

शिक्षकहरूको समस्या समाधान चाँडै गरिने नगर उपप्रमुख पूनम कर्णाले बताइन्। प्रमुख प्रशासकीय अधिकृत र लेखापालका कारण यो समस्या सिर्जना भएको उपप्रमुख कर्णाको भनाइ छ। कहिले प्रमुख प्रशासकीय अधिकृत र कहिले लेखापाल नगरपालिका कार्यालयमा नआउने कारणले शिक्षकले समयमा तलब पाउन नसकेको उनले जानकारी दिइन्। करीब १५–२० दिनदेखि प्रमुख प्रशासकीय अधिकृत उदय देवकोटा कार्यालय नआएको उपप्रमुख कर्णाले बताइन्।

# पूर्वानुमान गरी तयारी हालतमा रहन प्रहरी महानिरीक्षकको निर्देशन

काठमाडौं, ३ फागुन/रासस

प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले प्रहरी कर्मचारी जुनसुकै बेला शान्तिसुरक्षा अमनचयनका लागि आवश्यक तयारीमा रहनुपर्ने बताएका छन्।

काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी र मातहतका प्रहरी कार्यालयका प्रमुखहरूलाई आज प्रहरी प्रधान कार्यालयमा निर्देशन दिँदै उनले कुनै पनि अपराधका घटना हुन नदिन प्रहरी कर्मचारीको सक्रियता महत्त्वपूर्ण रहने उल्लेख गरे।

प्रहरी महानिरीक्षक सिंहले जिम्मेवारीलाई पूर्णरूपमा सम्पादन गर्न निर्देशन दिएका छन्। उनले हालैका घटनाको समीक्षा गर्दै सम्भावित घटनाको पूर्वानुमान गरी तयारी अवस्थामा रहन पनि उपत्यकाका प्रहरीहरूलाई निर्देशन दिए। आमनागरिकलाई राज्यको उपस्थितिको अनुभूति दिने संस्था भनेको प्रहरी नै भएको जनाउँदै प्रहरी महानिरीक्षक सिंहले भने–"हालैका घटनाको समीक्षा गर्दै आगामी दिनमा हुन सक्ने घटनाको पूर्वानुमान गरी तयारी हालतमा रहन र आवश्यकता अनुरूप कानूनसम्मत बल प्रयोग गर्न नहच्किनू।" उनले घटनालाई गम्भीरताका साथ लिएर संलग्नको पहिचान गरी कानूनी दायरामा ल्याउन प्रहरी चुक्न नहुने बताए।

उनले ट्राफिक जाँचलाई अझ व्यवस्थित गराउनुपर्ने उल्लेख गर्दै आर्थिक पारदर्शितामा शून्य सहनशीलताको नीति अवलम्बन गरी सबै प्रहरी कर्मचारीले अत्यन्तै व्यावसायिक भएर जिम्मेवारी वहन गर्नुपर्ने बताए। फरार अभियुक्त पक्राउलाई अभियानकै रूपमा सञ्चालन गर्नुपर्ने तथा अपराध अनुसन्धानमा अझ बढी केन्द्रित र गम्भीर भएर कार्य गर्न पनि आग्रह गरे। समारोहमा काठमाडौं


प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह

उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले सङ्गठन प्रमुखबाट प्राप्त निर्देशन कार्यान्वयनका लागि उपत्यका प्रहरी कार्यालय रानीपोखरी एवं सोही कार्यालय अन्तर्गतका प्रहरी कार्यालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारी प्रतिबद्ध रहेको बताए।

# थप पाँच प्रजातिका चरा फेला

रेसुङ्गा, ३ फागुन/रासस

गुल्मीको रेसुङ्गा वन क्षेत्रमा थप पाँच प्रजातिका चरा फेला परेका छन्।

पक्षी संरक्षण सङ्घ गुल्मीले रेसुङ्गामा चरासम्बन्धी अध्ययन गर्दा टुइँसी सुगा, कोटेरो मुनियाँ, चञ्चले सुड्सुडिया, चखेवाचखेवी र तिलहरी प्रजातिका चरा फेला परेका हुन्। नेपालमा पाइने ८९२ प्रजातिका चरामध्ये हाल २९ प्रतिशत यहाँ पाइने गरेको सङ्घका परियोजना अधिकृत भरत पन्थीले जानकारी दिए।

योसँगै रेसुङ्गामा २५८ प्रजातिका चरा छन्। यस अघि २५३ प्रजातिका थिए। यहाँ विश्वकै दुर्लभ मानिएका रणमत्त महाचील, चील, सेतो गिद्ध, गोमायु महाचील, डङ्गर गिद्ध र सुन गिद्धहरू पाइन्छन्।

चराको अध्ययनपछि पुस्तक विमोचन गर्दै रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थीले रेसुङ्गा चरासँगै ऐतिहासिक, धार्मिक र पर्यटकीयस्थल भएको बताए। उनका अनुसार यो क्षेत्र चराहरूको वासस्थान बन्दै गएको छ।

यस क्षेत्रमा दुर्लभ चरा भेटिए पनि जलवायु परिवर्तनका कारण जोगाइराख्न चुनौती रहेको सङ्घले जनाएको छ। रेसुङ्गामा वन संरक्षण क्षेत्रको जङ्गलको क्षेत्रफल ७,९०३ हेक्टर छ।

यहाँ २५८ प्रजातिका चरासँगै, १२५ वनस्पति, ७१ जडीबुटी, २५ स्तनधारी, १९ पुतली, १९ सरिसृप, ११ माछा र छ प्रजातिका उभयचर छन्।

रेसुङ्गालाई सन् २००५ मा महत्त्वपूर्ण चराक्षेत्रका रूपमा पहिचान गरिएको थियो।

समुद्री सतहदेखि २,३५० मिटर उचाइमा रहेको रेसुङ्गा क्षेत्र ऐतिहासिक, धार्मिक तथा पर्यटकीय क्षेत्र मानिन्छ।

# पाँच लाख नक्कली नोटसहित तीनजना पक्राउ

नेपालगंज, ३ फागुन (रासस):

बाँकेको नेपालगंजबाट करीब रु पाँच लाखभन्दा बढी नेपाली नक्कली नोटसहित तीनजनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले नेपालगंज उपमहानगर–२ स्थित न्यूरोडबाट उनीहरूलाई पक्राउ गरेको हो।

बाँकेका प्रहरी नायब उपरीक्षक रामप्रसाद घर्तीका अनुसार पक्राउ पर्नेमा कोहलपुर नगरपालिका–११ का ३३ वर्षीय मोहन कुमाई, अछामको तुर्माखाँद गाउँपालिका–३ का ३७ वर्षीय दीपक बिसी र सल्यानको वनगाँड कुपेण्डे नगरपालिका–५ का ३० वर्षीय मोहन राना छन्। उनीहरूको साथबाट प्रहरीले एक हजारका नक्कली नोट ५६९ थान बरामद गरेको छ।

रानाका साथबाट ४१८ थान नक्कली नेपाली एक हजारको नोट र कुमाइको साथबाट १५१ थान नक्कली नेपाली एक हजारको नक्कली नोट बरामद भएको छ। तीनैजनालाई मङ्गलवार साँझ प्रहरीको विशेष टोलीले नक्कली नेपाली नोटसहित पक्राउ गरेको हो।

# नेपाली राजनीतिको सात दशक : चुच्चे ढुङ्गो–छैन टुङ्गो

–जगत नेपाल

काठमाडौं, ३ फागुन/रासस

नेपालका राजनीतिक दलहरूले अधिकारका लागि पटकपटक क्रान्ति गर्न र त्यसलाई सफल बनाउन सके । तर राजनीतिक परिवर्तनबमोजिम राज्य सत्ता सञ्चालन गर्नु र क्रान्तिको प्रतिफल आम जनतासम्म पु्र्याउन उनीहरूका लागि सधैं चुनौतीको विषय बनिरह्यो ।

विसं २००७ ले १०४ वर्षे राणाशासन अन्त्य गरी मुलुकमा प्रजातन्त्र स्थापना गर्‍यो । तत्कालीन परिस्थिति, जनतामा शिक्षा र चेतनाको अभाव तथा सत्ता र शक्ति हत्याउने राजाको चरम महत्त्वाकाङ्क्षाका कारण १० वर्ष नपुग्दै २०१७ सालमा क्रान्तिका उपलब्धिमाथि कुठाराघात भयो । राजनीतिक दलहरूमाथि प्रतिबन्ध लाग्यो, जनताका प्रजातान्त्रिक अधिकार हरण गरिए, प्रेसमाथि कडा 'सेन्सरसीप' शुरू भयो । २०४६ सालको जनान्दोलनले तीन दशक लामो पञ्चायती व्यवस्था अन्त्य गरी मुलुकमा प्रजातन्त्र पुन:स्थापना गर्‍यो ।

यो अवधिमा तीनवटा आमनिर्वाचन भए । दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, असंसदीय क्रियाकलाप, सत्ताको हानाथाप, कुशासन, राजनीतिक नेतृत्वको इमानदारिता र नैतिकतामा आएको ह्रासले जनतालाई निराश बनायो ।

त्यही अवसरको उपयोग गर्दै नेकपा माओवादीले सशस्त्र विद्रोह शुरू गर्‍यो । यस क्रममा माओवादी र राज्य दुवै पक्षको चेपुवामा परेर १७ हजार निर्दोष नागरिकले अनाहक ज्यान गुमाउनुपर्‍यो ।

संसदवादी दलप्रति जनता निराश भएको र माओवादी विद्रोह उत्कर्षमा रहेको मौका छोपेर राजा ज्ञानेन्द्रले २०६१ माघ १९ मा कार्यकारी अधिकार आफ्नो हातमा लिएर निरङ्कुश शासन प्रारम्भ गरे । प्रजातान्त्रिक अधिकारको उपभोग गरिरहेको जनता निरङ्कुशता स्विकार्न किमार्थ तयार थिएन । दलहरूले जनतासामु आफ्ना विगतको कार्यप्रति माफी माग्दै प्रजातन्त्रका लागि अन्तिमपटक जनान्दोलन गर्ने घोषणा गरे ।

जनान्दोलनका कमान्डर गिरिजाप्रसाद कोइरालाले भनेका थिए, "प्रजातन्त्रका लागि यो नै अन्तिम लडाइँ हुनेछ । त्यसपछिका दिनमा कुनै नागरिकले अधिकारका लागि भनेर आन्दोलन गर्नुपर्ने छैन । एकपटक प्रजातन्त्र स्थापना भएपछि राजनीतिक दलहरूको आन्दोलन विकास र समृद्धिका लागि हुनेछ ।"

जनताले दलहरूलाई साथ दियो । २०६२–६३ सालको ऐतिहासिक जनान्दोलनले प्रतिनिधिसभा पुनर्स्थापना गरी जनताका अधिकार फिर्ता गर्न राजालाई बाध्य बनायो । पुनर्स्थापित संसद्बाट राजाका अधिकार कटौती गर्दै मुलुकले संविधानसभा निर्वाचनको यात्रा तय गर्‍यो । नेपाली इतिहासमा पहिलोपटक निर्वाचित संविधानसभाको पहिलो बैठकले राजतन्त्र अन्त्य गरी मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्‍यो । राजा ज्ञानेन्द्रको हठका कारण मुलुक गणतन्त्रमा गयो । संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ मा मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रसहित राजतन्त्र अन्त्यको घोषणा गर्दै विनारक्तपात २३८ वर्ष लामो शाहवंशीय राजतन्त्रलाई बिदा गरिदियो ।

**अबको बाटो**

विसं २०६३ अघि प्रजातन्त्र, मानव अधिकार र राजनीतिक स्थिरता मुलुकका प्रमुख मुद्दा थिए । यो अवधिमा २००४, २००७, २०१५, २०१९, २०४७ र २०६३ सालमा गरी छवटा संविधान लागू भयो । यीमध्ये पहिलो राणा प्रधानमन्त्रीले दिएका थिए भने बाँकी पाँचवटा संविधान राजाबाट जारी भएका थिए । २००७ को राजा/प्रजाको संयुक्त प्रजातान्त्रिक आन्दोलनपछि अहिलेसम्म जारी भएका संविधान अनुसार राजनीतिक नेतृत्व चल्न सकेनन् । बरु त्यसपछिका हरेक दशक कसरी हातमा सत्ताको बागडोर लिने र शासन गर्ने भन्नेमैं बिते ।

संविधानसभामार्फत आफ्नो संविधान आफैं बनाउने जनताको चाहना २०७२ मा पूरा भएपछि मुलुकमा २०७४ र २०७९ साल गरी दुईवटा संसदीय निर्वाचन भइसकेको छ । अब अधिकारका लागि लडाइँ गर्ने युगको अन्त्य भइसकेको छ । संविधानले जनताका प्रजातान्त्रिक अधिकार सुनिश्चित गरिसकेको छ । आवश्यक परेका बेला जनप्रतिनिधिले संविधान संशोधन गर्न सक्ने प्रावधान संविधानमा छ । संविधानले जनतालाई सार्वभौम माने पनि त्यसको प्रयोग राजनीतिक दलका नेताहरूले गरिरहेका छन् । त्यो निर्णय प्रक्रियामा सही अर्थमा जनभावनाको प्रतिनिधित्व हुन सकेको छैन । क्रान्तिको युग अन्त्य भएसँगै राजनीतिक स्थायित्व, भ्रष्टाचार नियन्त्रण, सुशासन, विकास र समृद्धिका पक्षमा राजनीतिक नेतृत्वबाट इमानदार प्रयास होस् भन्ने नै आम चाहना छ ।

**चुनौती**

प्रजातन्त्रका लागि क्रान्ति गर्न, जनतालाई सडकमा उतार्न र विरोधीको कटु आलोचना गर्न नेपालका राजनीतिक दल र नेतृत्व सफल साबित भए पनि प्रजातान्त्रिक आचरण र व्यवहारको पालनामा पूर्णत: असफल देखिएको छ । जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद् प्रभावकारी बन्न नसक्नु, राजनीतिक दलहरूबीच भागबन्डाका आधारमा न्यायाधीशहरूको नियुक्ति गरी न्यायालयलाई कमजोर बनाइनुले न्याय क्षेत्र कमजोर बन्न पुगेको छ । संवैधानिक निकायहरूको नियुक्तिमा दलीय हस्तक्षेपले लोकतान्त्रिक अङ्ग कमजोर भएका छन् ।

नयाँ र समृद्ध नेपालको सपना बाँडिएकोमा विकास, सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकार असफल साबित देखिएको छ । शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायातजस्ता जनताका आधारभूत आवश्यकतासमेत पूरा नहुँदा जनतामा नैराश्यता आउनु स्वाभाविक नै हो । अनि राष्ट्रको चौथो अङ्ग पत्रकारिताको विश्वसनीयता र भूमिकामाथि प्रश्न उठ्न थालेको छ । यी इत्यादि कारणले प्रजातान्त्रिक शासन व्यवस्थाप्रति जनतामा जुन भरोसा र विश्वास थियो, त्यसमा निराशा पैदा हुनु भनेको पक्कै पनि राम्रो सङ्केत होइन ।

**आगामी बाटो**

नेता त्यो हो जसले कार्यकर्ताका गलत कदम औंल्याएर उसलाई सही बाटोमा हिंडाउन सक्छ । नेता त्यो होइन, जो कार्यकर्ताका गलत काम औंल्याएर उसलाई दण्डित गरी आफू पानी माथिको ओभानो देखाउन चाहन्छ । २००७ सालयता दल र नेताहरूले आफ्नो राजनीतिको आधार विरोधलाई बनाउँदै आएका छन् ।

जनताको चेतनास्तर, विश्वव्यापी सम्पर्क, सूचना प्रविधिमा आएको क्रान्ति आदि कारणले अब आश्वासन र विरोधकै भरमा रोटी सेक्ने प्रयास दल र नेतृत्वले गर्नु उनीहरूकै लागि दुर्भाग्यपूर्ण हुने निश्चित छ । नयाँ पुस्ता पहिले काम अनि मात्र विश्वासको तहमा पुग्दैछ । दल र नेतृत्वका लागि आश्वासन र प्रचार क्षणिक अस्त्र भए पनि जनताको मन जित्न पहिले काम अनि सिद्धान्त बमोजिम आचरण र व्यवहार प्रदर्शन गर्नुबाहेक अर्को विकल्प छैन ।

खासगरी नयाँ पुस्तामा राजनीतिप्रति देखिएको विचलन, अविश्वास र अनास्थाले भोलि मुलुकलाई कतातिर लैजाँदैछ भन्ने विषय महत्त्वपूर्ण बनेको छ । वर्षौं दु:खकष्ट सहेर राजनीति गरेका दल र तिनका नेताहरू बिस्तारै अलोकप्रिय बन्ने र क्षणिक सस्तो प्रचारसहित नयाँ बहाव ल्याउन सकेका दलहरूप्रति आकर्षण बढ्ने गरेको जुन अवस्था छ, त्यसले मुलुकलाई कता पु्र्याउँछ भन्ने प्रश्न उब्जिएको छ ।

# 'मुद्रास्फीति अपेक्षा सर्वेक्षण' सार्वजनिक

काठमाडौं, ३ फागुन/रासस

नेपाल राष्ट्र बैंकले चालू आर्थिक वर्ष २०७९–०८० को दोस्रो त्रैमासिक अवधिको अपेक्षित मुद्रास्फीति सर्वेक्षणको नतीजा सार्वजनिक गरेको छ ।

राष्ट्र बैंकले गत पुस २४ देखि ३० गतेसम्म देशभरका विभिन्न ६० वटा बजार क्षेत्रमा दुई हजार १० जना उत्तरदातासँग गरिएको सर्वेक्षणको नतीजा आज सार्वजनिक गरेको हो ।

मुद्रास्फीति अपेक्षा सर्वेक्षण प्रतिवेदन अनुसार सर्वेक्षणमा सहभागी अधिकांश व्यक्तिले मूल्यवृद्धि अझै बढ्न सक्ने धारणा दिएका छन् । आगामी तीन महीना र एक वर्षभित्रको मूल्यवृद्धि अनुमान गर्न भनिएको प्रश्नावलीमा अधिकांशले मूल्य बढ्ने जवाफ दिएको राष्ट्र बैंकले जनाएको छ । "८६.६ प्रतिशत उत्तरदाताले आगामी तीन महीनामा मूल्य वृद्धि हुने अपेक्षा गरेका छन् । त्यसैगरी ९२.३ प्रतिशत उत्तरदाताले आगामी एक वर्षमा मूल्यवृद्धि हुने अपेक्षा गरेका छन्"–राष्ट्र बैंकको सर्वेक्षण प्रतिवेदनमा भनिएको छ ।

आगामी दिनमा गैरखाद्य सामग्रीको तुलनामा खाद्य सामग्रीमा उच्च मूल्यवृद्धि हुने अनुमान यो सर्वेक्षणबाट गरिएको छ । "माछा, मासु, दूध, घ्यू, तेल र होटल तथा रेस्टुराबाहेक सबै खाद्य उपसमूहमा अबको तीन महीनामा मूल्यवृद्धि हुने अपेक्षा गर्ने उत्तरदाताको हिस्सा गत असोजको तुलनामा बढेको छ"–सर्वेक्षणमा भनिएको छ । गैरखाद्य वस्तु तथा घरजग्गा क्षेत्रमा भने अबको तीन महीनामा हुने मूल्य वृद्धिको अनुमान गत असोजमा गरिएको सर्वेक्षणको तुलनामा घटेको छ ।

सर्वेक्षण अनुसार आगामी तीन महीना र एक वर्षपछिको मध्यक (मेडियन) अपेक्षित मुद्रास्फीति गत असोजको तुलनामा समान रहेको छ भने तीन महीनापछिको औसत र एक वर्षपछिको औसत अपेक्षित मुद्रास्फीति घटेको छ । "तीन महीना र एक वर्षपछिको मध्यक अपेक्षित मुद्रास्फीति क्रमश: १० प्रतिशत र १२ प्रतिशत रहेको छ"–राष्ट्र बैंकको सर्वेक्षणमा भनिएको छ ।




**नवलपुर महोत्सवमा शोभा यात्रा** : नवलपुरको कावासोतीमा आजदेखि शुरू भएको नवलपुर उद्योग वाणिज्य सङ्घद्वारा आयोजित सातौं नवलपुर महोत्सवको शोभा यात्रामा सहभागी थारू भेषभूषामा सजिएका थारू समुदायका महिला । तस्बिर : रासस

## फरक समाचार

# अहिलेको मौसममा के गर्ने ?

मौसम बदलिरहेको छ । दिनमा गर्मी र राति जाडो लाग्ने गरेको छ । राति सिरक ओढ्नुपर्छ भने बिहान स्वीटर लगाउनुपर्छ । दिउँसो कसैकसैले चीसो पेय पनि पिउन थालेका छन् । यो मौसमले धेरैजनालाई भ्रमित गरिरहेको छ जसले गर्दा स्वास्थ्यसम्बन्धी समस्या हुन थाल्छ । हेल्थ विशेषज्ञ डा बालकृष्ण, डा निधि पाण्डे र डा विवेक शर्माले यस मौसममा के गर्नेबारे सुझाव दिएका छन् ।



मौसम बदलिएपछि अधिकांश मानिस बिरामी पर्छन् । किनभने यसबाट शरीरको तापक्रममा बदलाव हुन्छ र शरीरबाट पसिना पनि निस्किन सक्छ । जति पसिना निस्किन्छ त्यस हिसाबले मानिसले पानी पिउँदैन र शरीरमा पानीको कमी हुन्छ । डिहाइड्रेशन भएपछि कमजोरी महसूस हुने र डाइजेशनमा समस्या हुने, कब्ज हुनेलगायतको समस्या हुन थाल्छ । तसर्थ मौसममा परिवर्तन आउनेबित्तिकै आहारमा पनि बदलाव गर्नुपर्छ । अहिलेको मौसममा फ्लु र रूघाखोकी, अपच, इन्टेस्टाइनल इन्फेक्शन, कन्स्टिपेशन, भाइरल ज्वरो, फङ्गल इन्फेक्शन, ब्याक्टेरियल इन्फेक्शनलगायत रोग लाग्छ ।

जाडोबाट बच्न हामीले शरीरमा धेरै कपडा लगाएका हुन्छौं । टाउकोदेखि खुट्टा ढाकेर बस्छौं तर अचानक गर्मी लाग्छ र सबै कपडा फुकालेर गन्जी र हलुका पाइन्ट लगाउँछौं भने यसबाट निश्चितरूपमा हामी बिरामी हुन्छौं । जाडो–गर्मीको मौसम भइरहेको छ भने शरीरलाई राम्ररी ढाक्ने कपडा लगाउनुपर्छ । यसबाट शरीरले सीधै तापक्रम महसूस गर्न सक्दैन र मौसम परिवर्तनको असर कम हुन्छ ।

कार्यालयको कोठा चीसो र बाहिर गर्मी छ, बाहिर निस्किने बेला हामीले न्यानो कपडा फुकाल्छौं भने यसबाट पनि बिरामी हुने सम्भावना छ । फ्रेब्रुअरी–मार्च महीनामा थुप्रै भाइरस सक्रिय हुन्छन् ।


यी सबै भाइरस कम्युनिकेशनल हुन्छन् । यसैले यस मौसममा चिकन पक्स, इन्फेक्शन डिजिज एकबाट अर्कोमा सर्छ । तसर्थ भीड हुने स्थानमा नजाने, विद्यालयमा बालबालिकालाई दूरी बनाएर राख्ने, सडक किनारमा बेचिने सामान नखाने गर्नुपर्छ । बाहिर निस्किंदा चीसो पानी पिउनुहुँदैन, यसबाट रूघाखोकी हुन सक्छ । अहिलेको मौसममा मोटो अन्न खाने, प्रोटिन हुने खानेकुरा कम खाने, दिनको समयमा फलफूल खाने तथा हरियो तरकारी सेवन गर्नुपर्छ । अहिलेको मौसममा भिटामिन सी भएको फलफूल, गर्म मसाला, हरियो तरकारी आदि सेवन गर्नुपर्छ ।

# ४० को उमेरपछि एक्लो बस्ने चाहना

तनावग्रसित मानिसमा एक्लोपन बढ्दैछ भने अर्कोतर्फ कसैले एक्लै बस्न चाहन्छ । एक्लो रहनुको मतलब एक्लोपनको शिकार हुनु होइन । प्यु रिसर्च सेन्टरको तथ्याङ्क अनुसार अमेरिकामा मात्र यतिबेला ४० प्रतिशत वयस्क एक्लो बसिरहेका छन् । तीमध्ये आधा डेटिङ वा कसैसँग कैजुअल सम्बन्धमा बाँधिन चाहँदैनन् ।

सन् १९९० मा अमेरिकामा एक्लो वयस्को सङ्ख्या २९ प्रतिशत थियो । तलाकको कारण एक्लो हुने ३९ प्रतिशत वयस्कलाई यस अध्ययनमा सामेल गरिएको थिएन । युनिभर्सिटी अफ टोरेन्टोमा मनोविज्ञानका प्रोफेसर ज्याक मैकडोनाल्ड आफ्नो शोधमा भन्छन्– ४० को उमेरपछि पुरुषहरूमा एक्लोपनको चाहना बढ्छ । उनीहरू बढी खुशी हुन्छन् । यस उमेरमा आउँदाआउँदै अधिकांश विवाहित पुरुषले आफ्नो मित्र गुमाउँछन् । एक्लो बस्नेहरूको मित्रता र खुशीको स्तर दुवै बढ्दै जान्छ ।

सैन्ट बैरबारामा बस्ने ६९ वर्षीया सोशल साइकोलोजिस्ट बेला डेपौलो भन्छिन्– मानिस जति बढी महत्त्वाकाङ्क्षी हुन्छन्, उनीहरू एक्लै बस्न चाहन्छन् । विशेषगरी महिला । मैले सम्पूर्ण जिन्दगी एक्लै बिताएँ । केही दिन पहिले कसैसँग बस्ने सोचें तर अनुभूति भयो कि एक्लो रहनु नै सार्थक छ । यो मेरो स्वतन्त्रता र पहचान हो ।



प्राध्यापक मैकडोनाल्ड भन्छन्– हामी एक्लै बस्ने मानिसको कथा जम्मा गर्दैछौं र यो पत्ता लगाउन खोज्दैछौं कि एक्लो रहने चाहना किन बढिरहेको छ र के उनीहरू संसारको नजीकै हरेक समाजको लागि पन्चिङ ब्याग बनिरहन्छन् । कैयौं दशकदेखि विवाह भइरहेको छ । अब विवाह परिवार बनाउनको लागि अनिवार्य रहेन, न वित्तीय स्थायित्वको लागि ।

मैकडोनाल्ड भन्छन्–अहिलेसम्मको शोधबाट पत्ता लागेको छ कि रोमान्टिक सम्बन्धमा रहने मानिस एक्लो बस्नुभन्दा राम्रो जिन्दगी जिउँछन् । उनीहरू बढी खुशी र आफ्नो जिन्दगीसँग सन्तुष्ट रहन्छन् । कैयौं शोधले यो पनि बताएको छ कि जसको वैवाहिक जिन्दगी राम्रो हुँदैन, उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य स्थिति ती व्यक्तिहरूभन्दा पनि बढी खराब हुन्छ जो कहिल्यै सम्बन्धमा रहेनन् ।

जेरूसलेमको हिब्रु युनिभर्सिटीको फैकल्टी एलैकिम किसलेव भन्छन्–सन् २०२२ मा प्रकाशित एउट शोधको रिपोर्ट अनुसार एक्लो बस्नुको सबैभन्दा ठूलो कारण स्वतन्त्रता हो । एक्लो बस्नले आफूलाई बढी समय दिन सक्छ । उनीहरू आफ्नो लक्ष्य विनारोकावट पूरा गर्न सक्छन् । कैयौं शोधले भनेको छ, एक्लो रहने मानिस आफ्ना मातापिता र भाइबहिनीको बढी मदत गर्न सक्छन् । एक्लो बस्नेको सामाजिक दायरा पनि ठूलो हुन्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## टर्की–भूकम्पबाट पाँच सय आणविक बमको शक्ति निष्कासन



टर्की भूकम्पको केन्द्रबिन्दु रहेको काहरामानमारासमा क्षतिग्रस्त भवनहरूको हवाई दृश्य। फोटो : एएफपी

अङ्कारा, ३ माघ/सिन्हवा

टर्कीका राष्ट्रपति तैयेप एर्दोगानले आफ्नो देशको दक्षिणी प्रान्तमा गत माघ २३ को भूकम्पबाट भएको क्षतिप्रति ऐक्यबद्धता जनाउँदै खोज तथा उद्धारका साथै मानवीय सहायता सामग्री उपलब्ध गराएकोमा अन्तर्राष्ट्रिय समुदायप्रति कृतज्ञता व्यक्त गरेका छन्।

संयुक्त अरब इमिरेट्सले मङ्गलवार आयोजना गरेको शासन प्रणालीसम्बन्धी विश्व सम्मेलनलाई यहाँबाट अप्रत्यक्ष (भर्चुअल) सम्बोधन गर्दै राष्ट्रपति एर्दोगानले कठिन परिस्थितिमा विश्व समुदायले प्रकट गरेको ऐक्यबद्धता, उपलब्ध गराएको सहयोग र प्रदर्शन गरेको मैत्रीलाई आफ्नो देशले कहिल्यै पनि बिर्सन नसक्ने बताए।

विश्वका एक सय राष्ट्रबाट आफूलाई ऐक्यबद्धताका सन्देश प्राप्त भएको जानकारी दिँदै उनले दुई करोड टर्कीका नागरिक भूकम्पबाट प्रभावित भएका बताए। भूकम्पबाट एक करोड ३५ लाख जनसङ्ख्या भएको देशको १० प्रान्तमा सर्वाधिक क्षति भएको बताउँदै उनले राहत सामग्री सङ्कलनमा अहोरात्र खटेका मित्र राष्ट्र र तिनका नागरिकप्रति आभार व्यक्त गरे।

टर्कीको कहरामनमारसलाई केन्द्रबिन्दु बनाएर ७.८ म्याग्निच्युडको भूकम्प र त्यसको केही क्षणपछिको त्यति नै शक्तिशाली अर्को परकम्पमा परी टर्की र सिरियामा ४१ हजारभन्दा बढीको मृत्यु भएको छभने दशौं हजार घाइते भएका छन्। दुवै देशमा हजारौं घरवारविहीन भएका छन्।

वैज्ञानिकहरूका अनुसार उक्त भूकम्पबाट ५०० आणविक बमले निष्कासन गर्ने ऊर्जा जत्तिकै ऊर्जा निष्कासन भएको थियो। रासस

## टर्की–भूकम्प: एकचालिस हजारभन्दा बढीको मृत्यु

इस्तानबुल, ३ फागुन/एएफपी

टर्कीको पूर्वी भाग र छिमेकी सिरियामा गत माघ २३ गतेको भूकम्पमा परी ४१ हजारभन्दा बढीको मृत्यु भएको छ भने दशौं हजार घाइते भएका छन्। दुवै देशमा हजारौं घरबारविहीन भएका छन्।

खोज तथा उद्धारमा संलग्न सरकारी अधिकारीहरूका अनुसार टर्कीमा ३५,४१८ जना तथा सिरियामा ५,८०० जनाको मृत्यु भएको छ। टर्कीमा आठ हजारभन्दा बढीलाई भग्नावशेषबाट उद्धार गरिएको छ। सिरियामा ५३ लाख मानिस घरबारविहीन भएका छन्। टर्कीमा २१५ भन्दा बढी परकम्प महसूस भएको छ। टर्कीमा ४६ लाख तथा सिरियामा २५ लाख बालबालिका भूकम्पबाट प्रभावित भएका छन्।

टर्कीको कहरामनमारसलाई केन्द्रविन्दु बनाएर ७.८ म्याग्निच्युडको भूकम्प र त्यसको केही क्षणपछि त्यति नै शक्तिशाली अर्को परकम्पबाट टर्कीका दशवटा प्रान्तमा अकल्पनीय क्षति भएको छ। छिमेकी सिरियामा पनि जनधनको व्यापक क्षति भएको छ।

भैंचालोले भत्काएको भवनको भग्नावशेषबाट जीवितै उद्धार गर्न टर्कीमा उद्धारकर्मी अझै सङ्घर्ष गरिरहेका छन् भने भूकम्पको २०५ घण्टापछि एक महिलासहित नौजनालाई जीवितै उद्धार गरिएको छ। टर्कीका राष्ट्रपति तैयेप एर्दोगानले भूकम्पका प्रारम्भिक दिनमा समस्या भए पनि अब परिस्थिति नियन्त्रणमा आएको बताएका छन्। राष्ट्रिय टेलिभिजनबाट वक्तव्य जारी गर्दै उनले आफ्नो देश मानव इतिहासमा सबैभन्दा त्रासदीपूर्ण प्राकृतिक विपत्तिको चपेटामा परेको बताएका छन्।

आवास र खानेकुराको व्यवस्था दुवै देशका निम्ति चुनौती बनेको छ। टर्की सरकारले गुणस्तरहीन भवन बनाएको अभियोगमा कैयौं निर्माण व्यवसायीलाई पक्राउ गरेको छ। अदाना शहरका अभियोजकले भत्केका भवनका सम्बन्धमा अनुसन्धान गर्न ६२ जनालाई हिरासतमा राख्न आदेश दिएका छन्। भवन संहिता कडाइका साथ कार्यान्वयन गर्न सरकारले सम्बद्ध निकायलाई निर्देशन दिएको छ।

टर्कीको तुलनामा सिरियाको स्थिति अझ दयनीय बनेको संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले बताएका छन्। युरोपका लागि विश्व स्वास्थ्य सङ्गठनका प्रमुखले दुवै देशका करीब दुई करोड २६ लाख भूकम्प पीडितलाई तत्काल मानवीय सहायता आवश्यक भएको बताएका छन्। प्रतिकूल मौसम, स्वास्थ्य तथा सरसफाइको उचित व्यवस्थापन नहुँदा सङ्क्रामक रोगको जोखिम बढेको छ।

विद्रोहीको पकड रहेको उत्तरपश्चिमी सिरियामा उद्धारका काम समाप्त भएको जनाउँदै स्वयंसेवी संस्थाहरूले लामो गृहयुद्धका कारण त्यहाँ राहतका कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको बताएका छन्। सिरिया सरकारले विद्रोही नियन्त्रित क्षेत्रमा राहतका कार्यक्रम सञ्चालन गर्ने अनुमति दिएको छ। सिरियाका भूकम्प पीडितले आफूहरूलाई मार्न वा आफ्ना घर फर्काउन माग गरेका छन्। गृहयुद्धका कारण आफ्नै भूमिमा शरणार्थी बनेका उनीहरूले सिरिया सरकारसँग घरफिर्तीको माग गरेका हुन्।

संयुक्त राष्ट्रसङ्घले आगामी तीन महीनासम्म सिरियामा मानवीय सहायताका कार्यक्रम सञ्चालन गर्न ३९ करोड ७० लाख अमेरिकी डलर आवश्यक परेको जनाउँदै अन्तर्राष्ट्रिय समुदायसँग नगद सहयोग गर्न अपील गरेको छ। महासचिव एन्टोनियो गुटेर्रेसले टर्कीका लागि पनि सहयोग जुटाउन विश्व समुदायसमक्ष आग्रह गरेका छन्। टर्कीको रेडक्रिसेन्टले आगामी डेढ वर्षसम्म क्षतविक्षत टर्कीमा सहायता परिचालन गर्नुपर्ने आवश्यकता रहेको बताएको छ।

यसैबीच दशवटा अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले पठाएका मानवीय सहायता सामग्री बोकेका मालवाहक ट्रक सिरिया पुगेका छन्।

एल साल्भाडोर, जर्मनी, मेक्सिको, कतार, दक्षिण कोरिया, स्वीटजरल्यान्ड, युक्रेन र अमेरिकाबाट उद्धारकर्ताले ल्याएका तालीमप्राप्त कुकुरको सहयोगमा भूकम्पको एक सातापछि पनि भग्नावशेषबाट मानिसलाई जीवित उद्धार गर्न सफलता प्राप्त भएको खोज तथा उद्धारमा संलग्न स्वयंसेवकहरूले बताएका छन्।

लागू औषध नियन्त्रण, सुरक्षा कारबाई र दैवी विपत्तिका बेला सहयोग गर्न विशेषरूपमा तालीम दिइएका कुकुर टर्की र सिरियाका भूकम्पले भत्काएका घरका भग्नावशेषबाट उद्धार गर्न साँच्चै सहयोगी भएका एकजना कतारी उद्धारकर्ताले एएफपीलाई बताए।

प्रारम्भिक आकलन अनुसार टर्कीमा ८५ अर्ब अमेरिकी डलर बराबरको क्षति भएको छ। झन्डै ७१ अर्ब डलरको भौतिक क्षति आवास क्षेत्रमा भएको छ। एक दशकभन्दा लामो समयदेखि गृहयुद्धले गाँजेको सिरियाको क्षतिको आकलन भइसकेको छैन। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यभय | वृष – वादविवाद |
| मिथुन – यात्रालाभ | कर्कट – शत्रुभय |
| सिंह – कार्यनाश | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनलाभ |
| धनु – भाग्योदय | मकर – बेचैनी |
| कुम्भ – धनलाभ | मीन – सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

### सूचना ! सूचना !! सूचना !!!

यस वीरगंज महानगरपालिकाको मिति २०७९/११/१ को भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिको निर्णयबमोजिम नगर क्षेत्रमा रहेका सडक, फूटपाथ र नाला अतिक्रमण गरी बनाइएका सिढी, रैम्प, छेकबार तथा यस महानगरपालिकाको वडा नं.१० स्थित पशुपति आदर्शनगर निर्माण समितिको प्लटहरूबीचमा रहेको १० फिटे नालाहरूमाथि निर्माण गरिएका भौतिक संरचना ७ (सात) दिनभित्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ। यदि सो म्यादभित्र उक्त संरचनाहरू नहटाइएमा यस कार्यालयबाट खाली गराउँदा लाग्ने दस्तुर/खर्चसमेत सम्बन्धित व्यक्ति, सङ्घ–संस्था र फर्मबाट नै असूलउपर हुने बेहोरासमेत जानकारी गराइन्छ।

## सतलोक आश्रम धनुषामा तीन दिवसीय कार्यक्रम

प्रस, वीरगंज, ३ फागुन/

सतलोक आश्रम धनुषामा बुधवारदेखि तीन दिवसीय अखण्ड पाठ तथा विशाल भण्डारा शुरू भएको छ। जगत्गुरु तत्त्वदर्शी सन्त रामपालजी महाराजको बोध दिवसको उपलक्ष्यमा फागुन ३ देखि ५ गतेसम्म हुने अखण्ड पाठ र विशाल भण्डारा शुरू भएको हो।

कार्यक्रममा मधेस प्रदेशका सभामुख, गृहमन्त्रीलगायत सहभागी हुँदै विभिन्न धर्म सम्प्रदायका व्यक्ति भए पनि कुनै किसिमको विभेद, असमानता नदेखिएको र आपसी सद्भाव, भाइचाराका साथ अनुशासित भएर निस्स्वार्थ सेवा गरेको देखेर प्रशंसा गरेका थिए।

कार्यक्रममा सहभागीहरूलाई प्रसाद वितरण गरिएको संस्थाका अध्यक्ष कुमार डङ्गोलले बताए।

सन १९८८ मा सन्त रामपालजी महाराजले परम सन्त रामदेवानन्दजीसँग दीक्षा प्राप्त गरेका थिए तथा तन–मन–धनले सक्रिय भएर स्वामीजीद्वारा बताइएको भक्तिमार्गको साधना गरी परमात्माको साक्षात्कार गरेको अध्यक्ष डङ्गोलले बताए।

सन् १९८८ फेब्रुअरी १७ तारीख फागुन महीना औंसीको रात्रिमा सन्त रामपालजी महाराजले मन्त्रदीक्षा प्राप्त गरेको र दीक्षा दिवसलाई सन्तमतमा उपदेशी भक्तको आध्यात्मिक जन्मदिन मानिएको उनले बताए। सोही दिनको स्मृतिमा बोध–दिवस मनाउने गरिएको अध्यक्ष डङ्गोलले बताए। सोको उपलक्ष्यमा नेपाल र भारत गरी नौवटा सतलोक आश्रममा विशाल भण्डारा आजदेखि शुरू भएको उनले बताए।



तस्वीर: प्रतीक

जसमा निश्शुल्क मन्त्रदीक्षा, रक्तदान शिविर, दाइजो तथा आडम्बररहित आदर्श विवाह आदि कार्यक्रम आयोजन गरिएको अध्यक्ष डङ्गोलले बताएका छन्।

## टेक्निकल टिचरको नयाँ कार्यसमिति चयन



तस्वीर: सौजन्य

प्रस, वीरगंज, ३ फागुन/

टेक्निकल टिचर एसोसिएशन पर्साको बुधवार सम्पन्न अधिवेशनले सञ्जय कुमार सक्सेनाको अध्यक्षतामा सर्वसम्मत ११ सदस्यीय कार्यसमिति चयन गरेको छ।

एसोसिएशनका उपाध्यक्ष अजयकुमार, सचिव सरोज उपाध्याय, सहसचिव राहुलकुमार साह, कोषाध्यक्ष अभिषेक यादवलगायत सदस्यहरू छन्।

यस अघि वीरगंजको नृसिंह माविको सभाहलमा एसोसिएशनको मधेस प्रदेश सचिव अनन्तकुमार चौधरीको अध्यक्षतामा भएको अधिवेशनको उद्घाटन मधेस प्रदेशका संस्थापक सचिव राजेश यादवले गरेका थिए।

उद्घाटन समारोहमा शिक्षक शेषनाथ चौधरी, बाबूनन्द पटेल, सन्दीपकुमार चौरसिया, रविकुमार गुप्ता, आशुतोष यादव, राजकिशोर साह कानूलगायतको सहभागिता थियो।

## आगलागी नियन्त्रणबारे सचेतनामूलक कार्यक्रम



तस्वीर: प्रतीक

दिनेश मिश्र, वीरगंज, ३ फागुन/

पोखरिया नगरपालिकाको सहयोगमा सशस्त्र प्रहरीले जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि पोखरियामा आगलागी नियन्त्रणबारे सचेतनामूलक कार्यक्रम गरेको छ।

सशस्त्र प्रहरीले ग्याँस चुलोमा लाग्ने आगो र घरमा लाग्ने आगो नियन्त्रणबारे विद्यार्थी र स्थानीयवासीलाई सचेत गराएको थियो।

आगलागी भएपछि नियन्त्रण गर्ने उपाय र प्राथमिक उपचार विधिबारे सहभागीहरूलाई जानकारी गराइएको थियो।

कार्यक्रममा नगरप्रमुख प्रद्युम्न चौहान, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, सशस्त्र प्रनाउद्वय सुमन थापा, मनोज चन्द, प्रमुख प्रशासकीय अधिकृत अजय श्रीवास्तव र विद्यालयका प्रअ ओमप्रकाश रौनियार र विपद् व्यवस्थापन समिति पोखरियाका प्रमुख राजेश्वरप्रसाद कुर्मीलगायतको सहभागिता थियो।

## नारायणगढ–मुग्लिन सडक थप १५ दिन बन्द गरिने

चितवन, ३ फागुन/रासस

नारायणगढ–मुग्लिन सडकखण्ड थप १५ दिन दिउँसो यातायात बन्द गरिने भएको छ। पुल निर्माणका क्रममा भित्तो काट्न कठिन भएपछि थप १५ दिन यातायात बन्द गर्न लागिएको हो।

पुस ५ गतेदेखि ३० दिनका लागि बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म सडक रोकेर काम गरिँदै आएको थियो। पछि माघ ६ गतेदेखि भने दिउँसो १२ बजेदेखि ४ बजेसम्म थप ३० दिन बन्द गरिएको थियो। थप गरिएको समय फागुन ६ गते सकिँदै छ।

जिल्ला प्रशासन कार्यालय, चितवनमा आज बसेको सरोकारवालाको बैठकले थप १५ दिनका लागि सडक बन्द गरेर काम गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिए। उनका अनुसार भित्तो काट्ने काम कठिन भएपछि मङ्गलवार जिल्ला प्रशासन कार्यालय, चितवनले विस्फोटक पदार्थ प्रयोग गर्ने अनुमतिका लागि मन्त्रालयमा सिफारिशसमेत गरेको छ। अनुमति आएसँगै विस्फोट गराएर ढिस्को फोर्ने काम हुने उनले बताए।

तुइन खोलाको पुल निर्माणका क्रममा ६० मिटर अग्लो कडा चट्टानको डाँडो पर्छ। सो डाँडो काट्न कठिन भएको हो। अन्य पुलको भित्तो काट्ने काम अन्तिम चरणमा पुगेको उनले बताए।

नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन) का सूचना अधिकारी इ कृष्ण आचार्यका अनुसार भित्तो काट्न कठिन हुने भएपछि विस्फोट गर्नका लागि फाइल विभाग हुँदै मन्त्रालय पठाइएको छ। उक्त फाइल रक्षा, गृह हुँदै अघि बढेको छ। विस्फोटको स्वीकृति पाएसँगै भित्तोमा विस्फोट गर्ने योजना रहेको उनले बताए।

सडक विस्तारसँगै पुल साँघुरा भएपछि सडकमा रहेका २० वटा पुल नयाँ थप गरिएको हो। पहिलेको पुलको छेउ भिर भएको ठाउँमा अर्को पुल बनाउँदै गर्दा भित्तो काट्नुपरेको हो।

### श्री जिल्ला उच्चाङ्गल रामदेव कलवार माध्यमिक विद्यालय

पोखरिया, नगरपालिका–४, पर्सा (नेपाल)

## सिलबन्दी दरभाउपत्र आह्वानबारे सूचना

(प्रकाशित मिति: २०७९/११/०४ गते)

यस विद्यालयको वि.व्य.स.को मिति २०७९/१०/०९ गतेको निर्णय बमोजिम प्राविधिक धार इलेक्ट्रिकल इन्जिनीयरिङको प्रयोगशाला स्थापना र त्यससँग सम्बन्धित अन्य सामग्री खरीद व्यवस्थापन गर्न आवश्इक परेकोले इच्छुक रजिष्टर्ड फर्म, संस्था वा कम्पनीबाट सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ। आवेदनका साथ दर्ता प्रमाणपत्र, भ्याट, प्यान दर्ता भएको तथा आयकर तिरेको प्रमाणपत्र (आ.व. २०७७/०७८) नवीकरण तथा अद्यावधिक प्रमाणित कागजातहरु संलग्न गर्नुपर्नेछ।

| क्र.सं. | दरभाउपत्र नं. | विवरण | लागत अनुमान (मू.अ.क.सहित) |
|---|---|---|---|
| १ | Boid-01 2078/2079 | प्राविधिक धारतर्फ इलेक्ट्रिकल प्रयोगशाला स्थापना तथा यससँग सम्बन्धित सामग्री खरीद र व्यवस्थापन गर्ने | १८,००,०००/– |

दरभाउपत्र भर्ने अन्तिम मिति: २०७९/११/१८ गते ५ बजेसम्म। विस्तृत जानकारीको लागि यस विद्यालयको सूचना पाटीमा हेर्न वा प्रशासन शाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

# डा विद्यानन्दले मिर्गौलाको सफल ट्रान्सप्लान्ट गरे

प्रस, वीरगंज, ३ फागुन/

वीरगंज निवासी डा विद्यानन्द चौरसियाको नेतृत्व टोलीले मिर्गौलाको सफल ट्रान्सप्लान्ट गरेको बताइएको छ। युरो किडनी ट्रान्सप्लान्ट सर्जनसमेत रहेका डा चौरसियाको टोलीले काठमाडौं मेडिकल कलेज टिचिङ अस्पताल सिनामङ्गलमा लमजुङ निवासी ५० वर्षीय धनराज घलेको मिर्गौलाको सफल ट्रान्सप्लान्ट गरेको उनले बताए।


तस्वीरः सौजन्य

घलेकी पत्नी होमकुमारी गुरुङले पुस २० गते आफ्नो मिर्गौला दिएपछि उनको पतिमा सो मिर्गौला ट्रान्सप्लान्ट गरिएको डा चौरसियाले बताए। मधेस प्रदेशमा एकमात्र युरो सर्जन रहेका चौरसियाले दाबी गरे। उनले भारत, दिल्ली मेदान्तमा अध्ययन गरेको र वीरगंजमा सीता अस्पताल सञ्चालन गरी सेवा दिइरहेको बताए। मेदान्तमा सिनियर चिकित्सकको रूपमा कार्यरत रहँदा डा चौरसियाले तीन सय बिरामीको मिर्गौला ट्रान्सप्लान्ट गरेको बताएका छन्।

# मिस नेपाल प्रतियोगिताबारे पत्रकार सम्मेलन

प्रस, वीरगंज, ३ फागुन/

मिस नेपाल २०२३ को लागि आवेदन खुला भएको छ। क्षेत्रीय अडिशनबारेमा वीरगंजमा आज पत्रकार सम्मेलन गरी द हिडेन ट्रेजरका अध्यक्ष दिवाकर राजकर्णिकारले आगामी जेठ २३ गते ललितपुरमा हुने मिस नेपाल २०२३ को लागि आवेदन खुला भएको र सातवटै प्रदेशमा अडिशन हुने बताए।

काठमाडौंसहित इटहरी, वीरगंज, पोखरा, नेपालगंज, सुर्खेत, धनगढीमा जुन १५ भित्र अडिशन सम्पन्न गर्ने उनले बताए। प्रतियोगितामा विभिन्न विधाका प्रशिक्षकहरूद्वारा ग्रुमिङ सम्बन्धी दुई महीना तालीम दिइने उनले बताए। मिस नेपाल प्रतियोगिताको लागि न्यूनतम ५ फिट ३ इन्च उचाइ, १८–२७ वर्षका अविवाहित नेपाली नागरिकले भाग लिन सक्ने उनले बताए। यस वर्ष पनि प्रतियोगितामा तीनजना मुख्य विजयी हुने जसमा नेपाल वर्ल्ड, मिस नेपाल अर्थ र मिस नेपाल इन्टरनेशनल हुने गरेको छ। गत वर्ष मिस नेपाल अर्थ सरिसा श्रेष्ठ, मिस नेपाल इन्टरनेशनल न्यान्सी खड्का र मिस नेपाल वर्ल्ड प्रियङ्कारानी जोशी भएकी थिइन्।



तस्वीरः प्रतीक

# आमाको हत्या गरेको आशङ्कामा छोरा पक्राउ

प्रस, निजगढ, ३ फागुन/

निजगढ नपा–१२ बुङजोरका ४० वर्षीय सुन्नी लामालाई इलाका प्रहरी कार्यालय निजगढले गए राति नियन्त्रणमा लिएको छ। ७१ वर्षीया आमा कान्छीमाया घलानको हत्या गरेको आशङ्कामा अनुसन्धानका लागि नियन्त्रणमा लिएको प्रहरी निरीक्षक सञ्जिव ओलीले बताए।

घलानलाई राति हेटौंडा–१ आफन्तको घरबाट नियन्त्रणमा लिएको प्रनि ओलीले बताए। मृतक घलानको घरदेखि पश्चिम–दक्षिण बुङजोर खोलाको डिलमा हिजो साँझ अबेर स्याउलाले शव छोपेको अवस्थामा स्थानीयले देखेपछि प्रहरीलाई खबर गरेका थिए। मृतक घलानको हत्या भएको हुन सक्ने भन्दै आफन्त र स्थानीयले राति शव उठाउन नमानेपछि मङ्गलवार बिहान शव पोस्टमार्टमका लागि कलैया अस्पताल लगिएको प्रहरी कार्यालय निजगढले जानकारी दिएको छ। मृतकका कान्छा छोरा घलान १० वर्ष अघि वैदेशिक रोजगारका लागि विदेश गई करीब ७/८ वर्ष बसी फर्केको, उनको दुईपटक विवाह भएपनि घरजम दिगो नभएको र केही वर्षदेखि मानसिक सन्तुलन ठीक नभएकोले उनी आमासँग बस्दै आएका र बुवा केही समयदेखि बुङजोर छोरी ज्वाइँको घरमा बस्दै आएको समाचार स्रोतले जनाएको छ।

पक्राउ परेका घलानलाई बारा जिल्ला अदालतबाट ७ दिनका लागि म्याद थप भएको इप्रका निजगढले जनाएको छ।


## प्रजातन्त्रका आधारभूत पक्षहरू

- संवैधानिक सर्वोच्चता
- बहुलवाद
- प्रतिस्पर्धा
- विधिको शासन
- शक्ति पृथकीकरण
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक् स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience





Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## लिग क्रिकेटः माउन्टेन हिल्स र युनाइटेड विजयी

प्रस, वीरगंज, ३ फागुन/

पर्सा क्रिकेट सङ्घको आयोजनामा नारायणी रङ्गशालामा भइरहेको लिग क्रिकेट प्रतियोगिता अन्तर्गत बुधवार दुईवटा खेल भएको छ।

आज भएको खेलमा माउन्टेन हिल्सले वीरगंज युवालाई नौ विकेटले पराजित गर्दै विजय हासिल गऱ्यो। टस जितेर



तस्वीरः सौजन्य

वीरगंज युवाले ब्याटिङ गर्दै छ विकेट गुमाएर निर्धारित २० ओभरमा ८६ रन बनाएको थियो। प्रतिउत्तरमा माउन्टेन हिल्सले एक विकेट गुमाएर विजय लक्ष्य हासिल गरेको थियो। माउन्टेन हिल्सका रञ्जन यादवले अविजित ३३ र विलास यादवले अविजित चार रन बनाएका थिए। रिजवान अहमद ४४ रन बनाएर आउट भए। यो टीमलाई अतिरिक्त १२ रन प्राप्त भएको थियो। यो खेलको म्याद अफ दि म्याच माउन्टेन हिल्सका व्यास यादव घोषित भएका थिए।

यसैगरी आज भएको दोस्रो खेलमा युनाइटेड क्रिकेट ५३ रन अन्तरले विजयी भयो। पहिलो ब्याटिङ युनाइटेड क्रिकेटले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १३१ रन जोडेको थियो। युनाइटेडका मन्थन यादवले २१ रन, सुरज पटेलले अविजित २७ रन, मञ्जय महतोले २६ रन, इरफान मियाँले १५ रन, अल्फाज मन्सुरीले १२ रन जोडेका थिए। यो टीमलाई अतिरिक्त नौ प्राप्त भएको थियो।

प्रत्युत्तरमा उत्रेको गहवा स्पोर्ट्स निर्धारित २० ओभरको खेलमा आठ विकेट गुमाएर ९२ रनमा सीमित भयो। यो खेलको म्यान अफ द म्याच युनाइटेडका शमशाद मन्सुरी घोषित भएका थिए।

## प्रदेशस्तरीय ओपेन क्रस कन्ट्री दौड प्रतियोगिता हुने

प्रस, वीरगंज, ३ फागुन/

नेपाल खेलकूद महासङ्घ समाजवादी, पर्साले फागुन १३ गते शनिवार प्रथम मधेस प्रदेशस्तरीय ओपेन क्रस कन्ट्री दौड प्रतियोगिता गर्ने जनाएको छ।

कक्षा ८ देखि १२ सम्मका विद्यार्थीहरू सहभागी रहने यो प्रतियोगिता देशमैं पहिलोपटक हुन लागेको अध्यक्ष विश्वेश्वर पटेलले जानकारी गराएका छन्। प्रतियोगितामा संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरू सहभागी हुने उनले बताएका छन्। उनले एथलेटिक्सतर्फ राष्ट्रिय प्रतियोगितामा सहभागी भइसकेका खेलाडीलाई यस दौड प्रतियोगितामा सहभागी नगराइने जानकारी गराएका छन्।

## बास्केटबल खेलप्रति महिला खेलाडीको आकर्षण

दमौली, ३ फागुन/रासस

तनहुँमा नवौं राष्ट्रिय खेलकूद प्रतियोगिता आयोजना भएपछि यहाँका महिला खेलाडीको यसतर्फ आकर्षण बढेको छ। गत असोज २८ देखि कात्तिक ३ गतेसम्म यहाँ महिला बास्केटबल प्रतियोगिता आयोजना भएको थियो।

बास्केटबलका प्रशिक्षक कृष्णकुमार श्रेष्ठले नवौं राष्ट्रिय खेलकूद यहाँ आयोजना भएपछि जिल्लामा महिला खेलाडीको आकर्षण बढ्न थालेको बताए। "पहिले खेलप्रति खासै चासो थिएन तर अहिले महिला खेलाडी यसतर्फ आकर्षित भएका छन्"–उनले भने। प्रशिक्षक श्रेष्ठका अनुसार उक्त खेलमा गण्डकी प्रदेश टोलीमा यहाँका खेलाडी सहभागी गराउन नसकिए पनि आगामी दिनमा दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यसहित प्रशिक्षण कार्यक्रम आयोजना भइरहने छ। बास्केट बलप्रति खेलाडीको आकर्षण बढ्न थालेपछि स्थानीय तहले पनि यसतर्फ चासो दिएको र व्यास नगरपालिकाले राष्ट्रपति रनिङ शिल्डमा यस खेललाई समावेश गरेको छ। "पालिकाले विद्यालयस्तरदेखि नै बास्केटबलप्रति रुचि बढाउन पहिलोपटक राष्ट्रपति रनिङ शिल्डमा समावेश गरेको हो, यसले खेलप्रति रुचि राख्ने विद्यार्थीलाई अवसर प्रदान गरेको छ"–नगरपालिका–२ का वडा सदस्य सुरेश वाग्लेले भने।

दमौली बजारमा तीनवटा बास्केटबल कोर्ट छन्। व्यास नगरपालिका–३ मा हैरान्स क्लबको सक्रियतामा एउटा कोर्ट निर्माण गरिएको त्यसमा नगरपालिकाले आर्थिक सहयोग गरेको छ।

वडा नं १ को निर्मल माध्यमिक विद्यालयमा राष्ट्रिय खेलकूद परिषद्को रु ४० लाखको लगानीमा दुईवटा कोर्ट निर्माण गरिएको छ। हैरान्स क्लबले अन्तरविद्यालयस्तरीय बास्केटबल रनिङशिल्ड आयोजना गरेको छ। यस खेलमार्फत पर्यटन प्रवर्द्धन गर्ने र कुशल खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको क्लबका अध्यक्ष रवीन पौडेलले बताए।

"जिल्लामा यसभन्दा पहिले बास्केटबल प्रतियोगिता आयोजना भएका थिएन, अब क्लबको तर्फबाट प्रत्येक वर्ष यसलाई निरन्तरता दिन्छौं"–उनले भने। प्रतियोगितामा छात्रतर्फ निर्मल माध्यमिक विद्यालय, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कूल, दमौली कलेज, आदिकवि भानुभक्त क्याम्पस, कन्काई एकेडेमी, पराशर कलेज र बाराही कलेजका विद्यार्थी सहभागी छन्। छात्रातर्फ बाराही कलेज, सत्यवती माध्यमिक विद्यालय, व्यास बोर्डिङ स्कूल, निर्मल माध्यमिक विद्यालय, दमौली कलेज, पराशर कलेज र कन्काई एकेडेमी बोर्डिङ स्कूलका विद्यार्थी सहभागी छन्।

नवौं राष्ट्रिय खेलकूद प्रतियोगितामा महिला बास्केटबलको फाइभ अन फाइभमा त्रिभुवन आर्मी, सुदूरपश्चिम प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं १ सहभागी थिए। त्यस्तै थ्री बाई थ्रीतर्फ त्रिभुवन आर्मी क्लब, सशस्त्र प्रहरी, मधेस प्रदेश, बागमती प्रदेश, लुम्बिनी प्रदेश, प्रदेश नं १, गण्डकी प्रदेश र सुदूरपश्चिम प्रदेश सहभागी थिए।

# नेपाल शिक्षक सङ्घ पटेर्वासुगौलीको अधिवेशन सम्पन्न

प्रस, पचगावाँ, ३ फागुन/

नेपाल शिक्षक सङ्घ पटेर्वासुगौली समितिको आयोजनामा नेपाल शिक्षक सङ्घ पटेर्वासुगौलीको दोस्रो स्थानीय अधिवेशन सम्पन्न भएको छ

पटेर्वासुगौली गाउँपालिका नेपाल शिक्षक सङ्घका अध्यक्ष हरिराज यादवको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि पूर्वमन्त्री सुरेन्द्रप्रसाद चौधरी, अतिथि पटेर्वासुगौली गाउँपालिका अध्यक्ष दिनेशकुमार चौधरी, उपाध्यक्ष ममता महतो, नेपाल शिक्षक महासङ्घ पर्साका जिल्ला अध्यक्ष तीर्थराज यादव, नेपाल शिक्षक सङ्घ जिल्ला अध्यक्ष प्रदीपकुमार जैसवाल, वडा अध्यक्ष विजय गैरे, वासु पजियार थिए भने कार्यक्रममा स्वागत मन्तव्य शिक्षक सङ्घ पालिका उपाध्यक्ष सुनीता चौधरीले गरेकी थिइन्।

नेपाली काङ्ग्रेस जिल्ला सदस्य शैलेन्द्र यादव, काङ्ग्रेस नेता परमेश्वर महतो, राहत शिक्षक सङ्घका जिल्ला अध्यक्ष श्यामकुमार घिमिरे, पूर्व प्र.अ. महेन्द्र चौधरीले शिक्षकमाथि गलत आरोप लगाउनेप्रति घोर निन्दा गर्दै शिक्षकको अवहेलना नगर्न आग्रह गरेका थिए।

नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष प्रदिपकुमार जैसवालले सरकारले शिक्षामा विभेद गरेकोले स्थानीय सरकारले त्यस्तो विभेद अन्त गर्न आग्रह गरेका थिए।

शिक्षक महासङ्घ पर्साका अध्यक्ष तीर्थराज यादवले राज्य र स्थानीय तहबाट कुनै पनि शिक्षकलाई समस्यामा पार्ने कोशिश भए त्यसविरुद्ध लड्ने र विभेद भएमा शिक्षक महासङ्घ चुप लागेर नबस्ने प्रतिबद्धता व्यक्त गरेका थिए।

गाउँपालिका अध्यक्ष दिनेश चौधरीले शिक्षामा विभेद नगरेको स्पष्ट पार्नुका साथै साथै स्थानीय सरकारले दिनुपर्ने



तस्वीरः प्रतीक

सुविधा दिन तयार रहेको बताएका थिए। कार्यक्रममा शिक्षक सङ्घप्रति आस्था र माया गर्ने ११० जनालाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो।

कार्यक्रमका प्रमुख अतिथि सुरेन्द्र चौधरीले देशमा शिक्षाको ठूलो महत्त्व रहेकोले सबै शिक्षा क्षेत्रको सुधारका लागि लाग्नुपर्ने भन्दै शिक्षकले नेता, मन्त्री, डाक्टर जन्माउन सक्छ र शिक्षकले चाहयो भने देशको मुहार फेर्न सक्ने बताए।

कार्यक्रममा नयाँ नेतृत्व चयन गरिएको छ। अधिवेशनले पटेर्वासुगौली नेपाल शिक्षक सङ्घको अध्यक्षमा सुनीता चौधरीको नेतृत्वमा २२ सदस्य समिति चयन गरेको छ।